# लेखापरीक्षण प्रतिवेदन

# सिद्धलेक गाउँपालिका, धादिंग

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# सिद्धलेक गाउँपालिका, धादिंग

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**बागमती प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-७

च.न.:FAR/2080-81/LOC/221

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,
सिद्धलेक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
धादिङ।

## कैफियतसहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियतसहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.१३ करोड ३१ लाख ४८ हजार र एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.२२ लाख ३० हजार समेत गरी रु.१३ करोड ५३ लाख ७८ हजार हजार समावेश गरेको छैन।

२. गाउँपालिकाको रु.१ अर्ब ४१ करोड ४७ लाख ७४ हजार लेखापरीक्षण गरिएकोमा रु. ५ करोड ८ लाख ५० हजार बेरुजू देखिएकोमा रु.२ करोड ९४ लाख ६४ हजारको प्रतिक्रियाबाट फस्र्यौट भई बाँकी बेरुजु रु.२ करोड १३ लाख ८६ हजार रहेको छ ।सो मध्ये असुल गर्नुपर्ने रु.५२ लाख ६१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.९३ लाख ६४

हजार, नियमित गर्नुपर्ने रु.६७ लाख ६० हजार रहेको छ।पालिकाको गत वर्ष सम्म रु.१८ करोड ३८ लाख ६८ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.२० करोड ५२ लाख ५४ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४,१७,सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने सिद्धलेक गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य वेहोरा**

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्य अनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका वेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी सिद्धलेक गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजीवा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका

जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।



( तारा प्रसाद पाण्डे )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७४ | १९१ | ५,०८,५०,२०६ | ० | ६५ | २,९४,६३,९०१ | ० | ७४ | १२६ | २,१३,८६,३०५ | ५२,६१,४९० | ६७,६०,४४३ | ९३,६४,३७२ | ० | ० | १,६१,२४,८१५ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| धादिङ | १८,३८,६८,००० | | ० | १८,३८,६८,००० | ० | २,१३,८६,३०५ | २०,५२,५४,३०५ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ४५ | स्थानीय भत्ता - | ५,१२५ |
| २ | २०८०/८१ | ६१ | मोटरसाइकल खरिद - | ७,६९,९०० |
| ३ | २०८०/८१ | ४६.१ | भाषण कला तालिम - | ६,१४० |
| ४ | २०८०/८१ | ५२ | बैठक भत्ता - | ७,६५० |
| ५ | २०८०/८१ | ५८ | बिल भरपाई - | ७,९५,०९६ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ६ | २०८०/८१ | ४७ | बढी दरमा भत्ता भुक्तानी - | ५,१०० |
| ७ | २०८०/८१ | ४८ | बजार अनुगमन भत्ता _ | ९,३०० |
| ८ | २०८०/८१ | ७८ | दोहोरो भुक्तानी - | १४,६७५ |
| ९ | २०८०/८१ | ५१ | जिन्सी निरीक्षण भत्ता- | २२,९०० |
| १० | २०८०/८१ | ३९ | करार सेवाका कर्मचारीलाई महंगी भत्ता - | २,३६,००० |
| ११ | २०८०/८१ | २८ | असुली गर्न बाँकी आन्तरिक आय - | २,५०,१०,१७२ |
| १२ | २०८०/८१ | ९ | अनुदान फिर्ता – | २५,८१,८४३ |
| जम्मा | | | | २,९४,६३,९०१ |

# (८०३३०५११३०० - सिद्धलेक गाउँपालिका, धादिंग )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस सिद्धलेक गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाउँपालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ७ वडा, ३९ सभा सदस्य, १०६.०९ वर्ग किलोमिटर क्षेत्रफल तथा २२,२१४ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हो।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।११ देखि २०८०।५।१५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतितपत्र जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतितपत्र जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय व्यय तर्फको रु.१ अर्ब ४१ करोड ४७ लाख ७४ हजारको लेखापरीक्षण सम्पन्न भएको छ। यसको विष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा विभिन्न व्यक्ति तथा कार्यक्रममा निम्नानुसारको बढी भुक्तानी भएको रु.१,५७,६३१।- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | भौ नं ८७३ बाट विभिन्न कर्मचारीहरुको बढी भुक्तानी रकम दाखिला रु ३१३८१ | ३१३८१ |
| २ | विभिन्न कार्यक्रमको बढी भुक्तानी वापत स्वास्थ्य प्रमुखबाट दाखिला भएको रु २०००० | २०००० |
| ३ | भौनं १४ को बढी दरमा सेसन सञ्चालन गरे वापत रु १२७५ | १२७५ |
| ४ | भौनं ७३६ ७७९ १५२ १६० ५४४ २१७ २३८ ३७७ ६५६ ६८० ९२८ ५८ को बढी भुक्तानी गरे वापत रु १०४९७५ | १०४९७५ |
| | जम्मा | १,५७,६३१ |

२ **एकिकृत आर्थिक विवरण**

**सिद्धलेक गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को एकिकृत आर्थिक विवरण देहाय बमोजिम रहेको छ ।**

| सि.नं. | आय | | सि.नं. | व्यय | |
|---|---|---|---|---|---|
| | **शीर्षक** | **रकम** | | **शीर्षक** | **रकम** |
| **१.** | **गत वर्षको जिम्मेवारी** | | | **चालु** | ३३८२०८८८१.६३ |
| | बैंक मौज्दात | ७११७२२७०.४७ | **१.** | **पूँजीगत** | १८०१३२२०९ |
| २. | यस वर्षको धरौटी आम्दानी | ५२८०१५५ | २. | **धरौटी फिर्ता** | ४६७८६४१ |
| **३.** | **आन्तरिक राजश्व आम्दानी** | | **३.** | **कोष खर्च** | |
| | आन्तरिक राजश्व | ८०३०४५५.25 | | विविध कोष खर्च | १२३९२३६१ |
| | राजश्व बाँडफाँड प्रदेश सरकार | १४७५३३४४.४० | | प्रकोप व्यवस्थापन कोष | १५७०२२८ |
| | राजश्व बाँडफाँड संघीय सरकार | ७२६७४६१०.३६ | | विविध खर्च खाता | ९३२९४७७.२८ |
| | अन्य आय | ३८०९६८३०.८९ | ४. | **सामाजिक सुरक्षा** | १३३१४८५१८.३३ |
| | | | **५.** | **स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम** | २२३०००० |
| | | | ६. | **मौज्दात** | |
| **४.** | **संघीय सरकारबाट प्राप्त अनुदान** | | | बैंक मौज्दात | २६०९६१९०.६२ |
| | वित्तीय समानिकरण अनुदान | ११७७३८००० | | धरौटी मौज्दात | १२७३९०९६.२३ |
| | सशर्त अनुदान | २१९७२७५०० | | विविध कोष खाता | ३१९३०१.२७ |
| | समपुरक अनुदान | ११९५७००० | | प्रकोप व्यवस्थापन खाता | ३९३५४६०.८१ |
| | विशेष अनुदान | ३०२१४२४ | | विविधखर्च खाता | ५८४२६२८.२६ |
| **५.** | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | अनुदान फिर्ता | ३६८१६६८५.२७ |
| | वित्तीय समानिकरण अनुदान | १३४१८००० | | | |
| | सशर्त अनुदान | २४८९०००० | | | |
| | समपुरक अनुदान | २०००००० | | | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | विशेष अनुदान | १००००००० | | | |
| ६. | **विभिन्न कोष तर्फको आय** | | | | |
| | विविध खर्च खाता | ९३०७४६१ | | | |
| | प्रकोप व्यवस्थापन कोष | ६८६६४८ | | | |
| | विविध कोष खाता | ९३०७४६१ | | | |
| ७. | **विषयगत निकायबाट प्राप्त रकम** | | | | |
| | सामाजिक सुरक्षा | १३३१४८५१८.३३ | | | |
| | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | २२३०००० | | | |
| | | | | | |
| | **जम्मा** | **७६७४३९६७८.७** | | **जम्मा** | **७६७४३९६७८.७** |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **आर्थिक विवरणको विश्लेषण -**

३.१ वित्तीय प्रतिवेदन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

३.२ वित्तीय विवरणको यथार्थता - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१३,३१,४८,५१८.३३ , एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.२२,३०,०००।- समेत गरी रु. १३,५३,७८,५१८.३३ सुत्रको वित्तिय प्रतिवेदनमा लेखाङ्कन गरेको छैन । साथै पालिकाले अनुसूची १४ मा अन्तरसरकारी अख्तियारी समावेस गरी एकिकृत वजेट तथा खर्च विवरण तयार गरेको पाइएन। पालिकाले अनुसूची १४ मा अन्तरसरकारी अख्तियारी समावेस गरी एकिकृत वजेट तथा खर्च विवरण तयार गरेता पनि सोमा समावेश भएको रकम म.ले.प.फा.नं. २७० को वित्तिय विवरणमा समावेश हुँदैन ।जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ३.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३.३ **फरक हिसाब** - पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.३३,४०,०४६.५०,यस वर्षको प्राप्ति रु.२०५७०३६६०.५४ , यस वर्षको भुक्तानी रु.१२३३९२७४९२.१४ र बैङ्क मौज्दात रु.९३८३८९१.१० फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन ( म.ले.प.फा.नं.२७० ) | ६७८३२२२३.९७ | ४९०५६३६४७.७ | ५१८३४१०९०.६ | ३९५४८७८६.०९ |
| एकीकृत आर्थिक विवरणअनुसार | ७११७२२७०.४७ | ६९६२६७३०८.२ | ७१५६३३२०१.५ | ४८९३२६७७.१९ |
| फरक | ३३४००४६.५ | २०५७०३६६०.५ | १२३३९२७४९२ | ९३८३८९१.१ |

३.४ फरक जिम्मेवारी - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु. ६,५१,४४,५४७।- मौज्दात रहेकोमा यो वर्ष रु.६,७८,३२,२२३.९७ ।-जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.२६,८७,६७७।- बढी जिम्मेवारी सारेको सम्बन्धमा एकिन गर्नुपर्ने देखिएको छ ।

३.५ सञ्चित कोषमा जम्मा (ट्रान्सफर) - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु.१,८४,१७,७७५.१९, पुँजीगत खातामा रु २६,९३,०४४.८७, आन्तरिक राजस्व खातामा रु.२,७०,०६३.८१ समेत रु.२,१३,८०,८८३.८७ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम स्थानीय सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

३.६ कर दायित्व - पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.१,१७,०३२।- देखाएको छ । एकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१७,०३२ |

३.७ बैक हिसाब मिलान – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा यस पालिकाले सञ्चालन गरेको देहाय बमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण बैंङ्कमा निम्नानुसार बढी मौज्दात देखिएकोले बैंक हिसाब मिलान विवरण तयार गरी एकिन गर्नुपर्दछ ।

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | १५०२८५००.२५ | ४७१५३०६.७५ | (१०३१३१९३.५) |
| चालु खर्च खाता | २३९२३५०.३४ | १८४१७७७५.१९ | १६०२५४२४.८५ |
| पुँजीगत खर्च खाता | ६१००३३२.४७ | २६९३०४४.८७ | (३४०७२८७.६) |
| आन्तरिक अनुदान खाता | ७५००० | ० | (७५०००) |
| विविध खर्च खाता | ३३७२३०९.७२ | ५८४२६२८.२६ | २४७०३१८.५४ |
| विपद व्यवस्थापन खाता | ३८०१८१०.८१ | ३९३५४६०.८१ | १३३६५० |
| स्थानीय विभाज्य कोष | ४००० | ० | (४०००) |
| कर्मचारी कल्याण तथा विविध कोष | ३३८७७०.२७ | ३१९३०१.२७ | (१९४६९) |
| धरौटी | १२७३९०९६.२३ | १२७३९०९६.२३ | ० |
| ग१.१, आन्तरिक राजस्व खाता | १६१६ | २७००६३.८१ | २६८४४७.८१ |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | ० |
| **जम्मा** | ४३८५३७८६.०९ | ४८९३२६७७.१९ | ५०७८८९१ |

३.८ **मौज्दात रकम**-पालिकाले यस वर्ष चालु तथा पूँजीगत कार्यका लागि रु. ५१८३४१०९०.६३ खर्च गरेको छ भने पालिकाको बैंक खातामा रु. २६०९६१९०.६२ मौज्दात बाँकी रहेको छ ।

४ **आन्तरिक नियन्त्रण प्रणाली-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ नियम (९३) को उपनियम (२) को खण्ड (ङ) संग सम्बन्धित ढाँचा तयार गरेको पाइएन ।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी

मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।

• विषयगत शाखा र वडा कार्यालय पिच्छे जिन्सी सामग्री खरिद र आम्दानी वाँधेकोमा वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐनको दफा ७८ को (५) अनुसार पालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही वनाउन सार्वजनिक परिक्षण तथा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्नुपर्नेमा गरेको पाइएन।

• वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

•भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमण अभिलेख व्यवस्थित नगरेको, तथा नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने नगरेको

• शिर्षक फरक पारी खर्च लेख्ने गरेको

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनुपर्नेमा गराइएको पाइएन । निजामति सेवा ऐन २०४९ वमोजिम निजामती कर्मचारीको कार्य विवरण तयार गरी लागु गर्नु पर्नेमा गरेको पाइएन ।

• स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संकलन गर्नपर्ने उल्लेख भएकोमा पालिकाले सार्वजनिक सम्पत्तिहरुको अभिलेख राखेको पाइएन ।

• गाडी भाडा लिदा सम्झौता अनुसार लकवुक राख्ने, गाडीभाडाको अभिलेख राख्ने , सवारी साधन तथा उपकरणको अभिलेख राख्ने गरेको पाइएन ।

• आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम( १०) वमोजिम स्थानीय तहले एकीकृत वित्तिय प्रतिवेदन तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेमा पठाएको पाइएन ।

उपर्युक्तानुसार स्थिति देखिँदा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी सुदृढ खरिद व्यवस्थापन, समग्र वित्तीय कारोवारको लेखांकन एवं प्रतिवेदन गरी प्रतिस्पर्धी, पारदर्शी र मितव्ययी कारोवार गर्न गराउन तोकिए बमोजिम प्रभावकारी र विश्वाशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउन आवश्यक देखिन्छ ।

५ **बजेट खर्च** -

आर्थिक वर्ष २०८०।८१ को पालिकाको कुल बजेट मध्ये चालु र पूँजीगत बजेट देहाए बमोजिम विनियोजन गरेको छ ।

| **कुल बजेट** | **कुल खर्च रु** | **चालु खर्च रु.** | **प्रतिशत** | **पूँजीगत खर्च रु.** | **प्रतिशत** |
|---|---|---|---|---|---|
| ६९,९३,१०,१७९ | ५१८३४१०९०.६३ | ३३८२०८८८१.६३ | ४९.७८ | १८०१३२२०९ | २६.५१ |

उक्त विवरण अनुसार पालिकाको यस आर्थिक वर्षमा कुल रु. ६७ करोड ९३ लाख १० हजार बजेट विनियोजन भएकोमा चालु तर्फ रु.३३ करोड ८२ लाख ८ हजार र पूँजीगत तर्फ रु. १८ करोड १ लाख ३२ हजार गरी कुल खर्च ५१ करोड ८३ लाख ४१ हजार अर्थात ४९.७८ प्रतिशत चालु र २६.५१ प्रतिशत पूँजिगतमा खर्च भएको छ ।

६ **खर्च विश्लेषण** -

पालिकाले यस वर्ष कूल आन्तरिक आयवापत रु. ८० लाख ३० हजार, राजश्व वाँडफाँडबाट रु. ८ करोड ७४ लाख २७ हजार र अन्य आय तर्फ रु.३ करोड ८० लाख ९६ हजार आम्दानी भएकोमा चालु तर्फ रु. ३३ करोड ८२ लाख ८ हजार र पूँजीगत तर्फ रु. १८ करोड १ लाख ३२ हजार गरी कुल खर्च रु.५१ करोड ८३ लाख ४१ हजार भएको छ ।खर्च मध्ये आन्तरिक स्रोतको अंश १.५५ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी नियमित सुविधा तर्फ रु.५६,७४,५००।- खर्च भएको छ ।यसबाट प्रशासनिक कार्यमा बढी

खर्च गरेको देखिन्छ ।प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजश्व बाँडफाँडको रकम अधिकतम रुपमा विकास निर्माणमा खर्च गरिनुपर्दछ ।

७ **त्रैमासिक पूँजीगत खर्च** -

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुचि २ बमोजिम त्रैमासिक प्रगति विवरण बनाउनु पर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा गरेको पुँजीगत खर्चको स्थिति देहाय बमोजिम रहेको छ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | संघीय पूँजीगत | २८४९१ | ० | ० | २२७० | २६२२१ | १९२५१ |
| २ | प्रदेश पूँजीगत | ४२२०१ | ० | ० | ११२० | ४१०८१ | २७७३३ |
| ३ | गाउँपालिका पूँजीगत | १०९४४१ | १०९९ | ६५१४ | २६५०४ | १४२६२४ | ९०२६१ |
| | कूल खर्च | १८०१३२ | १०९९ | ६५१४ | २९८९४ | १४२६२४ | ९०२६१ |
| | खर्च प्रतिशत | १०० | ०.६१ | ३.६१ | १६.६ | ७९.१८ | ५०.११ |

उपरोक्त विवरण अनुसार पूँजिगत तर्फ मात्र वार्षिक रु. १८ करोड १ लाख ३२ हजार निकासा खर्च भएकोमा प्रथम त्रैमासिक निकासा खर्च रु.१० लाख ९९ हजार (०.६१ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. ६५ लाख १४ हजार (३.६१ प्रतिशत) तेस्रो त्रैमासिकमा रु.२ करोड ९८ लाख ९४ हजार (१६.६ प्रतिशत) र चौथो त्रैमासिकमा रु. १४ करोड २६ लाख २४ हजार (७९.१८ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.९ करोड २ लाख ६१ हजार (५०.११ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलत र गुणस्तरमा समेत असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप त्रैमासिक खर्च सन्तुलन गर्ने कार्य गर्न आवश्यक देखिन्छ ।

८ **क्षेत्रगत बजेट र खर्च** -

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागी क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०/८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | जम्मा खर्चको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ६९७७०६०२ | ४३९३१८०२ | ८.४७ |
| २ | पूर्वाधार विकास | १७६०७५००० | १२८०९८६०३.५ | २४.७१ |
| ३ | सामाजिक विकास | ३०२२१७६०० | २४९६१५८२२.७ | ४८.१६ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ४२१५४९७७ | ३२३०७६८८.०५ | ६.२४ |
| ५ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ८९०९२००० | ६४३८७१७४.४ | १२.४२ |
| | | | ५१,८३,४१,०९०.६३ | |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४८.१६ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन क्षेत्रमा सबै भन्दा घटी अर्थात ६.२४ प्रतिशत रहेको छ । पालिकाले प्राथमिकताका क्षेत्र तोकि वजेट विनियोजन तथा खर्च गर्नुपर्दछ ।

९ **अनुदान फिर्ता** –

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ मा संघीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय तहमा भएको वित्तिय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै खातामा बाँकि रहेको सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित प्रदेश तथा स्थानीय तहले फिर्ता गर्नुपर्ने व्यवस्था छ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता रकम |
|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | २१९७२७५०० | १९२२३८५८९.७३ | २४९०९०६०.७३ |
| | विषेश | ३०१२४२४ | ३०२१४२४ | ० |
| | समपुरक | ११९५७००० | ११९५७००० | ० |
| जम्मा | | २३४७०५९२४ | २०७२१७०१३।७३ | २४९०९०६०।७३ |
| प्रदेश सरकार | शसर्त | २४८९०००० | १८८२९४१६ | ६०६०५८४ |
| | विषेश | १००००००० | ७७४६३०६ | २२५३६९४ |
| | समपुरक | २००००००० | १६४०४६६० | ३५९३३४७ |
| जम्मा | | ५४८९०००० | ४२९८०३८२ | ११९०७६२५ |
| कुल जम्मा | | २८९५९५९२४ | २५०१९७३९५.७३ | ३६८१६६८५.२७ |

उपर्युक्त विवरण अनुसार प्रदेश सरकारबाट रु. ५ करोड ४८ लाख ९० हजार अनुदान प्राप्त भएकोमा यस आर्थिक वर्षमारु. ४ करोड २९ लाख ८० हजार बजेट खर्च भइ बाँकी रु.१ करोड १९ लाख ५ हजार आर्थिक वर्ष २०८०।८१ मा प्रदेश संचित कोषमा फिर्ता गरी रु.१९९३ फिर्ता गर्न बाँकी देखिन्छ । त्यस्तै संघीय सरकारबाट रु.२३ करोड ४७ लाख ५ हजार अनुदान प्राप्त भएकोमा यस आर्थिक वर्षमा रु.२० करोड ७२ लाख १७ हजार खर्च भएको देखिन्छ भने खर्च गर्न बाँकी रकम रु.२ करोड ४९ लाख ९ हजार मध्ये रु.२ करोड २३ लाख २९ हजार आर्थिक वर्ष २०८०।८१ मा संघीय संचित कोषमा फिर्ता भएको र बाँकि रु.२५ लाख ७९ हजार ८५० संघीय संचित कोषमा फिर्ता गर्न बाँकी रहेकोमा प्रतिकृयाको क्रममा उक्त बाँकी रकम सम्बन्धित सञ्चितकोषमा फिर्ता गरेको प्रमाण पेश गरेको छ ।पालिकाले अनुदान रकम समयमानै फिर्ता गर्नुपर्दछ ।

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **२,५७९,८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **१,९९३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

१० **बजेट सीमा निर्धारण समिति** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु बैशाख १० गतेभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण गर्नुका साथै आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था

भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

११ **बजेट तथा कार्यक्रम तर्जुमा** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालना गर्नुपर्ने देखिन्छ ।

१२ **बजेट पेश, पारित र अख्तियारी** -

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुखले मिति २०८०।३।१० गते रु. ६७ करोड ८४ लाख ८० हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०।३।३१ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।४।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट कार्यक्रम र योजना व्यवस्थापन गरिनुपर्दछ ।

१३ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

१४ **वार्षिक खरिद योजना/गुरुयोजना** -

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत लाभग्राहि समुदाय समेतवाट वार्षिक रु.१८,०१,३२,२०९।- पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई खरिद कार्य गर्नुपर्दछ ।

१५ **आवधिक योजना** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक विषय, क्षेत्रगत, मध्यकालीन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

१६ **योजना छनौट र कार्यान्वयन –**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढाउने, स्थानीय श्रोत साधन र सिपको अधिकतम प्रयोग हुने, दिगो विकास वातावरणीय संरक्षण तथा सम्वर्धनमा सघाउ पुर्‍याउने र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कार्यान्वायन गरेका योजनाहरुको विवरण देहाए बमोजिम रहेको छ ।

| **क्र.सं.** | **विवरण** | **योजना संख्या** | **रकम** |
|---|---|---|---|
| १ | रु.१ लाखभन्दा कमको योजना | ४ | २००००० |
| २ | रू.१ लाख देखि रू.३ लाख सम्मका योजना | १३५ | २२४७५००० |
| ३ | रू.३ लाख देखि माथि रू.५ लाख सम्मका योजना | ४७ | १५७७९७८० |
| ४ | रु.५ लाखदेखि माथि रू.१० लाख सम्मका योजना | ५६ | ३३२१७९७२ |
| ५ | रू.१० लाख देखि माथि रू.२० लाख सम्मका योजना | १८ | १८९००००० |
| ६ | रू.२० लाख भन्दा माथीका योजना | ८ | १७४००००० |
| | **जम्मा** | २६८ | **१०७९७२७५२** |

उपर्युक्त विवरणअनुसार पालिकाले १ लाख भन्दा कमका योजना ४, १ लाख देखि ३ लाख सम्मका योजना १३५, ३ लाख देखि ५ लाख सम्मका योजना ४७, ५ लाख देखि १० लाख सम्मका योजना ५६, १० लाख देखि २० लाख सम्मका योजना १८ र २० लाख देखि माथिका योजना ४ गरी २६८ योजनामा १० करोड ७९ लाख ७२ हजार विनियोजन गरी साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनाबाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनुका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत विचार गरी पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१७ **ठेक्का अभिलेख** -

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य,हाल सम्म भएको कामको परिमाण,कार्य सम्पादन जमानत,पेश्की ग्यारेन्टीको अवस्था,काम सम्पन्न गर्नुपर्ने मिति भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

१८ **ठेक्का प्रतिस्पर्धा** -

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा २.७७ देखि ५२.२७ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नम्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको पाइएन। साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए

नभएको एकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र स | योजनाको नाम | प्रतिस्पर्धी गर्ने संख्या | लागत अनुमान(भ्याट बाहेक ) | कबोल रकम | घटी प्रतिशत | ठेक्का परेको बोलपत्रदाता |
|---|---|---|---|---|---|---|
| १ | बैरेनि पीपलनलाङ ठाँटी कमलबारी ( बरबोटे भट्टराईडाँडा चौतारो खण्ड ) सडक कालोपत्रे कार्य | ३ | २१४९६७५०.३ | १७१७६२१६.९ | २०.१ | नेशन श्री बाराही जे. भि. |
| २ | १५ शैया सिद्धलेक प्राइमरि अस्पताल भवन निर्माण | २ | १८०४२८६०७.९ | १३६७४९४९१.५ | २४.२१ | जि. पि. विल्डर्स प्रा. ली. |
| ३ | डुम्रे खोला वडा कार्यालय हटिया सडक कालोपत्रे कार्य | ८ | १७१९५६६०.२ | १०८७८९४५.६५ | ३६.७३ | निभा विल्डर्स एण्ड सप्लायर्स प्रा. लि. |
| ४ | अर्चले तारनलाङ ठाँटी सडक कालोपत्रे कार्य | ५ | १७१९५६८५.६२ | ११२००५१३.४ | ३४.८६ | आर. डि.एस. निर्माण सेवा |
| ५ | बुङचुङ आरूवास भेडावारी मैदान कमलावारी सडक | २ | ८६०१००२.०५ | ५७३२५८६.५५ | ३३.५५ | आर. डि.एस. निर्माण सेवा |
| ६ | तरकारी र फलफूल भण्डारका लागि चिस्यान केन्द्र स्तरोन्ती कार्य | ३ | ४३००४५९.८४ | २८०५८७१ | ३४.७५ | चौलागाई कन्स्ट्रक्सन कम्पनी प्रा.ली |
| ७ | परेवाटार पिप्ले कुम्पुरभन्ज्याङ बाघबच्छला बेल्टार कालिदह पुल सडक | ३ | ३४४२९६५.३३ | २४३०२९७.४ | २९.४१ | यू. एन. कन्स्ट्रक्सन |
| ८ | झार्लाङ्दी दुमीडाँडा बसन्त धवाडी द्वारथोक सडक स्तरउन्नती | ३ | १७२०००६.३५ | १६७२२८७.३ | २.७७ | धादिङ्ग नीलकण्ठ निर्माण सेवा एण्ड सप्लायर्स प्रा. ली. |
| ९ | थाल्डाँडा ढोडेनी पधेरी खैरेनीटार झार्लाङ्दीटार सडक स्तरउन्नती | ४ | १७१९९६०.१९ | ८२१००६.९८ | ५२.२७ | आर. जी.एण्ड ग्रुप कन्स्ट्रक्सन प्रा.ली. |
| १० | ढवाडी कल्लेरी बेनीदोभान मरनघाट सडक | १ | २५७९१२१.८९ | १७८३२११.८५ | ३०.८६ | धादिङ्ग नीलकण्ठ निर्माण सेवा एण्ड सप्लायर्स प्रा. ली. |
| ११ | कुटिडाँडा हुँदै आपडाँडा कच्ची नाला सहित सडक स्तरउन्नती कार्य | २ | १८०५८८७.६४ | १२४२५६५.३ | ३१.१९ | यू. एन. कन्स्ट्रक्सन |
| १२ | सात तले गुफा संरक्षण | १ | १८१३६५१.५१ | १७१७८६५.०८ | ५.२८ | इभोलुशन कन्ट्रयाक्टर्स प्रा.ली. |
| १३ | सिद्धबाबा मन्दिर संरक्षण कार्यक्रम | ३ | १८०६९४३.९३ | १५१४७२२.०५ | १६.१७ | इभोलुशन कन्ट्रयाक्टर्स प्रा.ली. |
| १४ | स्मार्ट तथा नगर उन्मुख पालिका निर्माण कार्यक्रम | १ | १७२७२४८.३३ | १६५५०५९.८८ | ४.१८ | गजुरी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली. |
| १५ | आदमटार पिपलटार वृहत खानेपानी योजना | ३ | ८६००५९४.५१ | ६७३९८८९.७ | २१.६३ | केराबारी |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली. |
| १६ | जरे आदमटार भालडाँडा भैँसे कुम्पुरभञ्ज्याङ सडक | ३ | ३४५५८५४.३५ | २८६१८८६.२ | ३४.७५ | न्यू तिन कन्या निर्माण सेवा |
| १७ | पिपलटार कुनादेखि भालडाँडा भैंसे सम्म कच्ची नाला सहित सडक स्तरउन्नती कार्य | २ | १८१३६८७.०५ | ९९३७८१.०५ | ४५.२१ | शंकरापुर इन्द्रायणी कन्स्ट्रक्सन प्रा.ली. |
| १८ | बुङचुङ एकिकृत बृहत खानेपानी योजना | ४ | ६८८२६१६.०८ | ४३९३२५४.५ | ३६.१७ | सिद्दलेक निर्माण सेवा एण्ड सप्लायर्स प्रा. ली |
| १९ | चिसापानी बलमडाँडा लिफ्टिङ खानेपानी तथा सिंचाई योजना- १ | १ | २१५०७४५.०३ | १६७२८१९.१५ | २२.२२ | ओम शंकर कन्स्ट्रकसन एण्ड सप्लायर्स प्रा. ली. |
| २० | घर्तीगाउँ सुदुरेटार तल्लोगाउँ खानेपानी योजना ७ | ६ | २१५८२१२.७३ | १६०२११९.४३ | २५.७७ | ढकाल कन्स्ट्रक्सन |
| २१ | बुङडाँडा एस्लाङ सडक | ६ | ४३३५२९५.५४ | ३०६४६१६.५ | २९.३१ | न्यू तिन कन्या निर्माण सेवा |
| २२ | सिद्दलेक गा. पा. वडा नं १ मिन्देश्वरी महिला सामूदायिक भवन पुनः निर्माण कार्य | ६ | १२७००६७.७७ | ११९७४०९.७५ | ३०.३९ | ग्रेट कंकालिनी निर्माण एण्ड सप्लायर्स प्रा. लि. |
| २३ | खुल्ला व्यायमशाला निर्माण कार्यक्रम | ५ | १०६१०६४.४२ | ७९६४५९.९३ | २४.९४ | रेसिका ट्रेड सर्कल प्रा. लि. |

## १९ **निर्माण कार्य व्यवस्थापन -**

पालिकाले आर्थिक वर्ष २०८०/८१ मा ठेक्का र उपभोक्ता समिति मार्फत सम्पन्न गरेको कार्यको विवरण देहाए बमोजिम रहेको छ ।

| योजना संख्या | ठेक्का मार्फत | | उपभोक्ता समिति मार्फत | |
|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम |
| २६८ | २६ | २४५९०६८८२ | २४२ | ६५७७४६७३ |

यस आर्थिक वर्षमा पालिकाले सञ्चालन गरेका कुल २६८ योजनामा मध्ये ठेक्का मार्फत २६ वटा योजनामा रु २४ करोड ५९ लाख ७ हजार खर्च गरेको छ भने उपभोक्ता समिति मार्फत सञ्चालित २४२ योजनामा रु. ६ करोड ५७ लाख ७५ हजार खर्च गरेको छ । अर्थात २६८ योजनामा भएको खर्च मध्ये ७९ प्रतिशत ठेक्का प्रक्रिया र २१ प्रतिशत रकम उपभोक्ता समिति मार्फत् खर्च गरेको देखिन्छ । । पालिकाबाट यस वर्ष संचालित योजनाहरुमा सडक पिच ३.८८ किलोमिटर, ग्रावेल १.७५ घनमिटर र नयाँ ट्र्याक ११.४५ किलोमिटर कार्य गरेकोमा सो निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपन, उपभोक्ता समितिको क्षमता, निर्माण कार्यको प्रकृति लगायतका कुराहरु समेत विचार गरी निर्माण कार्य सञ्चालन एंव व्यवस्थापन गर्न ध्यान दिनुपर्दछ ।

## २० **ठेक्का बन्दोवस्त -**

पालिकाले उपलब्ध गराएको विवरण अनुसार कार्यालयबाट भएको खरिद व्यवस्थापन सम्बन्धि संक्षिप्त विवरण देहाय अनुसार रहेको छ ।

| कार्यक्रम/ शीर्षक | खरिद सम्झौता | | | | | | | | यस बर्ष सम्पन्न | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल जम्मा | | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | | |
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| बोलपत्रबाट | २६ | २४५९०६८८२ | ० | ० | १० | ६०१६६४६५ | १६ | १८५७४००१६ | २४ | १०८३६०९३१ |

उल्लेखित विवरण अनुसार यो वर्ष कार्यालयले विभिन्न कार्यको लागी रू. २४ करोड ५९ लाख ६ हजार लागतको २६ ठेक्का बन्दोबस्त गरेकोमा प्रथम चौमासिकमा ठेक्का नलागेको, दोश्रो चौमासिकमा रु. ६ करोड १ लाख ६६ हजारको १० ठेक्का र तेश्रो चौमासिकमा रु. १८ करोड ५७ लाख ४० हजारको १६ ठेक्का व्यवस्थापन भएको देखिन्छ । यो वर्ष भएको ठेक्का व्यवस्थापन मध्ये वर्षान्तसम्ममा रू. १० करोड ८३ लाख ६० हजार बराबरको २४ ठेक्का मात्र सम्पन्न भएको अवस्था छ ।

२१ **डि.पि.आर. को कार्यान्वायनको अवस्था -**

पालिकाबाट प्राप्त विवरण अनुसार गत विगत वर्षहरुमा डि.पि.आर. गरेका २ वटा योजनाहरु हालसम्म कार्यान्वियनमा आउन सकेका छैनन् । त्यसरी कार्यान्वियन हुन बाँकी रहेका योजनाहरु देहाय बमोजिम रहेका छन् ।

| क्र.स. | डि.पि.आर. आर्थिक वर्ष | कामको विवरण | परार्मशदाताको नाम | भुक्तानी रकम रु. | योजना कार्यान्वियन हुन नसक्नुको कारण |
|---|---|---|---|---|---|
| १ | २०७९।८० | पालिका स्तरीय सडक गुरु योजना | ग्रीनटेक कन्सल्ट्यान्ट प्रा. लि, काठमाडौं | १९९५५८० | बजेट स्रोतको सुनिश्चित नभएकोले |
| २ | २०७९।८० | पिपलटार महाकाली खेलकुद मैदान | एन. कोड कन्सन्ट प्रा. लि. काठमाडौं | ४९७२०० | बजेट अभावको कारण |
| जम्मा | | | | २४९२७८० | |

उपरोक्त विवरण अनुसार पालिकाले गत विगत वर्षमा डि.पि.आर. गरेका २ वटा योजनाहरुमा रु.२४ लाख ९३ हजार भुक्तानी भएकोमा उक्त योजनाहरु समयमा ठेक्का नलाग्नु, बजेट अभाव लगायतका कारणले हालसम्म कार्यान्वियनमा आउन सकेको देखिएन । त्यसैले कार्यान्वियनमा हुन सक्ने र प्राथमिकता प्राप्त योजनाहरुको पहिचान गरेर मात्र परार्मश सेवा लिने तर्फ ध्यान दिनुपर्दछ ।

२२ **उपभोक्ता समिति परिचालन तथा व्यवस्थापन सम्बन्धमा -**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट कार्य गराउँदा सोही नियमावलीका प्रावधान अनुसार कार्य गर्नुपर्ने व्यवस्था छ । पालिकाले केही ठुला संरचना निर्माण कार्य बाहेक अधिकांश निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराउने गरेको देखियो । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

क) खर्चको अनुमोदन - नियमावलीको नियम ९७ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, बील, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्वन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । उल्लिखित निर्माण कार्य गर्न सम्झौता भएका उपभोक्ता समितिको कामको प्राविधिक मूल्यांकनको आधारमा मात्र भुक्तानी दिने गरेको देखिन्छ । नियमावलीमा व्यबस्था भए बमोजिमको बील, भरपाई र खर्च प्रमाणित गर्ने कागजात समितिको बैठकबाट अनुमोदन गराई कार्यालयमा पेश गर्ने गरेको पाइएन ।

ख) प्राविधिक विल र कार्यसम्पन्न - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क

उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

ग) उपभोक्ता समितिबाट भएका निर्माण कार्यको गुणस्तर - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ३ (ख) मा उपभोक्ता समितिसँग गरिने सम्झौतामा निर्माण कार्यको गुणस्तर नियन्त्रण सम्बन्धी प्रावधान राख्नुपर्ने उल्लेख छ । पालिकाले उपभोक्ता समितिहरुसँग गरेका सम्झौतामा गुणस्तर नियन्त्रण सम्बन्धी प्रावधान राखेको पाइएन । उपभोक्ता समिति मार्फत कार्यान्वियन तथा सञ्चालन हुने निर्माण कार्यको गुणस्तर सुनिश्चित गरी दिगोपना कायम गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः कार्यविधिमा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक पहल हुनुपर्दछ ।

घ) लागत सहभागिता -पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

ङ ) आयोजना हस्तान्तरण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरुउपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

च) सहमती नलिएको - सार्वजनिक खरिद नियमावलीको नियम ९७ को उप नियम ९ मा उपभोक्ताबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर जस्ता हेभी मेशिनहरु प्रयोग गर्न नसकिने तर लागत अनुमानमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएमा सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायको सहमती लिई त्यस्ता मेशीन प्रयोग गर्न सकिने उल्लेख छ साथै ९(क) मा उपनियम ९ विपरित कार्य गरेको भएमा त्यस्तो उपभोक्ता समितिसँग भएको सम्झौता रद्द गरिने उल्लेख छ तर पालिकाले नियमावली विपरित देहायका उपभोक्ता समीतिलाई सम्पूर्ण कार्य हेभी मेशीनबाट गरेको बिल भर्पाइ बापत रु.३०,८०,७६८।- भुक्तानि दिँदा नियमावली बमोजिम सार्वजनिक निकायबाट सहमति लिएको पाइएन।

| भौचर र मिति | उपभोक्ता समितिको नाम | योजनाको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| ११।२०८०।९।११ | रैंकर खेल मैदान निर्माण उ.स. | रैंकर खेल मैदान निर्माण | १७०३६४ |
| १८।२०८०।४।१८ | बेलटार ठाँटी सडक उ.स. | बेलटार ठाँटी सडक | ९९४२४६ |
| २०।२०८०।४।८ | दवाडी कल्लेरी बेनिदोभान मरणघाट सडक निर्माण उ.स | दवाडी कल्लेरी बेनिदोभान मरणघाट सडक निर्माण | १९१६१५८ |
| जम्मा | | | ३०८०७६८ |

२३ **नक्सा दर्ता र पास -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७(१) मा गाउँपालिका/नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ । पालिकाको भवन निर्माण ईजाजात शाखाबाट भएको नक्शा दर्ता तथा नक्सापास संख्याको विवरण देहाय बमोजिम रहेको छः

| क्र.सं. | आर्थिक वर्ष | नक्सा दर्ता संख्या | नक्सापास संख्या |
|---|---|---|---|
| १ | **२०८०।०८१** | २ | १ (प्रकृयामा रहेको) |

उपरोक्त विवरण अनुसार यस वर्षको अवधिमा पालिकाले जम्मा २ वटा नयाँ नक्सा दर्ता र १ वटा नक्सापास गरेको छ । त्यसैगरी पालिकाले नक्सा दर्ता र पास गर्दा भवन संहिताको प्रभावकारी पालना र कार्यान्वियनलाई ध्यान दिंदै नक्सा पास , अद्यावधिक तथा अभिलेखीकरणको कार्य लाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ।

२४ **स्वीकृती बेगरको सफ्टवेयर सञ्चालन** -

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ६२ को उपदफा ३(२) बमोजिम प्रणाली विकास गर्नुपर्ने भएमा तोकिए बमोजिम महालेखा नियन्त्रक कार्यालयले विकास गरिएको प्रणालीमा समावेश नभएको वा पर्याप्त नभएको अवस्थामा महालेखा नियन्त्रक कार्यालयको स्विकृत लिनुपर्ने व्यवस्था छ ।तर पालिकाले महालेखा नियन्त्रक कार्यालयको स्विकृती बेगर आन्तरिक आय संकलनका लागि Business Management Services Pvt. Ltd. कम्पनीको राजस्व संकलन नामको सूचना प्रणाली प्रयोग गरी यस वर्ष रु १,९६,९२,४५५.२५ राजश्व आम्दानी गरेको देखाएको छ ।स्वीकृती बेगरको त्यस्तो सफ्टवेयर प्रयोग गर्दा उक्त प्रणालीको सुरक्षा, आन्तरिक आयको यथार्थता, त्यसले तयार गर्ने प्रतिवेदनको विश्वसनीयता र सम्भाव्य जोखिम बारे समेत आश्वस्त हुन सक्ने अवस्था देखिएन । त्यसैले तोकिएको कानूनी व्यवस्थाको पालना गरिनुपर्ने देखिन्छ।

२५ **राजश्व अभिलेख** -

पालिकाले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट विद्युतिय रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी ठेली के कति छन एकिन गर्न सकिएन । पालिकाले म ले प फा नं १०१ देखी ११५ सम्मका फारामहरु प्रयोग गर्ने र पालिकाबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने र सोको अद्यावधिक गर्दै आगामी दिनमा नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत अभिलेख व्यवस्थित गरिनुपर्दछ ।

२६ **कर संकलन** -

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५६, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाको यस वर्ष आन्तरिक आयको अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| सम्पत्ति कर | १७२२०० | १०७२८२४.७४ | ६२.३ |
| भूमिकर | १०३८४०० | ७४११५४.७८ | ७१.३७ |
| घर जग्गा वहाल कर | ६२४००० | ८३५४३९.५६ | १३३.८८ |
| अन्य विक्रिबाट प्राप्त रकम | १०२६००० | १४३४२६.०३ | १३.९७ |
| अन्य सेवा शुल्क तथा विक्रि | ९३२००० | ३०५०० | ३.२७ |
| न्यायिक दस्तुर | १०००० | १२७५ | १२.७५ |
| शिक्षा क्षेत्रको आय | २०००० | २०० | १ |
| परिक्षा शुल्क | १००००० | ९४२०० | ९४.२ |
| अन्य प्रशासनिक सेवा शुल्क | ५६५८९०० | ३४०७०८९.७८ | ६०.२१ |
| नक्सा पास दस्तुर | ३२४००० | ८२०८९.९५ | २५.३३ |
| सिफारिस दस्तुर | ० | ८२००० | |
| व्यक्तिगत घटना दर्ता दस्तुर | २७०००० | ६२०० | २.२९ |
| अन्य दस्तुर | २९९००० | ४११२८३.४८ | १३७.५५ |
| व्यवसाय रजिष्ट्रेशन दस्तुर | ४२०००० | ५४०७५० | १२८.७५ |
| जलस्रोत सम्वन्धी अन्य दस्तुर | ० | १०५०० | |
| अन्य क्षेत्रको आय | ४५०००० | ३३९०९९.९३ | ७५.३५ |
| व्यवसाय कर | ४५३००० | २३२०५० | ५१.२२ |
| बेरुजु | ० | ३७२ | |
| दहत्त बहत्तर शुल्क | १०००००००० | ११६५११००० | ११६.५१ |
| विज्ञापन कर | १२९००० | ११००० | ८.५२ |
| जम्मा | २, ३४ , ७६ , ३०० | १, ९६ , ९२ , ४५५.२५ | ८३.८८ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष अनुमानको तुलनामा ८३.८८ प्रतिशत मात्र आन्तरिक आय संकलन गरेको देखिन्छ । अतः पालिकाले संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउँदै आन्तरिक आयको हिस्सा बढाउने तर्फ ध्यान दिनुपर्दछ ।

२७ **करको दायरा -**

आर्थिक वर्ष २०८०/८१ सम्ममा सम्पत्ति र व्यवसाय कर तिर्ने करदाताको विवरण देहायनुसार रहेको छः

| करको नाम | जम्मा करदाता | कर तिर्ने करदाता | कर तिर्ने करदाताको प्रतिशत | करको दायरामा नआएका करदाता | कर नतिर्ने करदाताको प्रतिशत |
|---|---|---|---|---|---|
| सम्पत्ति कर | ६६५४ | ३५०२ | ५२.६२ | ३१५२ | ४७.३८ |
| व्यवसाय कर | ३८७ | २३७ | ६१.२४ | १५० | ३८.७६ |

सम्पत्तिकर तर्फ ४७.३८ प्रतिशत, व्यवसायकर तर्फ ३८.७६ प्रतिशत करदाता करको दायराभन्दा बाहिर रहेको देखियो । अत: पालिका भित्र रहेका सम्पूर्ण करदातालाई करको दायरा, क्षेत्र र करको दर समेतको विश्लेषण गरी पालिकाबाट प्रवाह हुने सेवासँग करदाताको प्रत्यक्ष सम्बन्ध स्थापित हुने गरी नीति तथा कार्यक्रम संचालनमा ध्यान दिनुपर्दछ ।

२८ **असुली गर्न बाँकी आन्तरिक आय -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस स्थानीय तहले विगत र यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा देहायअनुसार २ व्यवसायिबाट रु.४१,३५,७३२ असुल गर्ने बाँकी रहेको छ ।जसबाट उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन गरी उल्लिखित रकम सम्झौताअनुसारको व्याज तथा हर्जना समेत एकिन गरी असुल गर्नुपर्नु रु.

| सि.नं. | **ठेकेदारको नाम** | **आय ठक्काको नाम** | **गत बर्षसम्मको बाँकि** | **दाखिला रकम** | **वाँकि रकम** |
|---|---|---|---|---|---|
| १ | ओम श्रेष्ठ कन्सट्रक्सन | मू.अ.कर दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने | ३९१३००० | ० | ३९१३००० |
| २ | ओम श्रेष्ठ कन्सट्रक्सन | सडक पूर्वाधार कर वापतको रकम असुल गर्नुपर्ने | २२२७३२ | ० | २२२७३२ |
| जम्मा | | | ४१३५७३२ | ० | ४१३५७३२ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **१,३७५,९८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **११३,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **२,६००,०१०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **२०,१६७,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **६०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **२७४,०८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **३७४,९९७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४१,३५,७३२ |

२९ **बन पैदावर -**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ (ख) मा सामुदायिक वनबाट आय प्राप्त गर्नका लागि सामुदायिक वन उपभोक्ता समितिले वन पैदावर बिक्रि तथा उपयोग सम्बन्धी वार्षिक कार्ययोजना बनाइ पालिकाबाट स्वीकृत गराउनुपर्ने र यसरी वन पैदावरबाट बिक्री वापत प्राप्त रकमको दश प्रतिशत पालिकामा पेश गर्नुपर्ने व्यवस्था भएपनि पालिकामा यस्ता समिति गठन भएको पाईएन ।

३० **कानुन निर्माण –**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका,कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा पालिकाले हालसम्म देहाय बमोजिम कानून निर्माण गरी

कार्यान्वयनमा ल्याएको छ ।

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १ | ऐन | ५ |
| २ | नियमावली | १ |
| ३ | कार्यविधि तथा निर्देशिका | ८ |
| **जम्मा** | | |

पालिकाले यस वर्षसम्म आफ्नो क्षेत्राधिकार भित्रका ५ ऐन, १ नियमावली र ८ कार्यविधि तथा निर्देशिका गरी जम्मा १४ वटा कानुन निर्माण गरेको छ । सोहि ऐन को दफा १०२ को (४) अनुसार यसरी बनाइएका ऐन, नियमावली, कार्यविधी पालिकाले प्रदेश सरकार र नेपाल सरकारमा पठाउनु पर्नेमा पठाएको पाइएन।

३१ **ढुङ्गा गिटी वालुवाको ठेक्का आम्दानी सम्वन्धमा** -

३१.१ आय ठेक्कामा मूल्य अभिवृद्धि कर - पालिकाले आफ्नो कार्यक्षेत्र भित्र पर्ने त्रिशुली नदीबाट गिटी वालुवा को संकलन तथा विक्री वितरणको लागि पाँचौ पटक सुचना प्रकाशन गरि सियोन कन्ट्रक्सनसँग मिति २०८०।९।२४ मा सम्झौता भई सम्झौता अनुसार मु. अ. कर सहित रु.९७,१८,०००।- दाखिला भएको र प्रथम पटक सुचना प्रकाशन भै सकेपछि चौथो पटक सम्म पनि कुनै फर्मले ढुगां गिटी वालुवा संकलन गर्नका लागि ठेक्का नपरेको कारण पालिकाले केही समय अमानतबाट समेत काम लगाई प्रति घनफिट १०.१७ का दरले कुल परिमाण १८९६७६ घनफिट संकलन गरी सो वापत रु.१९,२९,०००।- राजस्व आम्दानी भएको देखिन्छ ।

३१.२ राजश्व बाँडफाँड - बागमती प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन २०८० को दफा ९ मा ढुङ्गा गिटी वालुवा माटो दहत्तर बहत्तर शुल्क उठाउँदा अनुसूची ५ मा तोकिए बमोजिम शुल्क लगाइने र असूल उपर गरिने व्यवस्था छ । पालिकाले यस वर्ष रु.१७०७०७९ ढुङ्गा गिटी वालुवा उठाई स्थानिय तहको विभाज्य कोषमा जम्मा गरेको देखियो ।सोही ऐनको सिनं ४ मा स्थानिय विभाज्य कोषमा जम्मा भएको रकम बाँडफाँड गरी ६० प्रतिशत स्थानिय संचितकोषमा र ४० प्रतिशत प्रदेश संचितकोषमा पठाउनुपर्नेमा नपठाएकोले प्रदेश संचितकोषमा रु.६,८२,८३१।०० पठाएको पाइएन ।

३२ **कर नियन्त्रण** -

**१) व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. २३२०५० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

**२) विज्ञापन कर** - बागमती प्रदेशको कर तथा गैरकर राजश्व सम्बन्धी ऐन, २०७५ को दफा १२ मा प्रदेश भित्र राखिने होडिङ बोर्ड, साईनबोर्ड, व्यानर, ट्राई भिजन बोर्ड, ग्लोबोर्ड, स्टल, डिजिटलबोर्ड, धातुको फ्रेम वा कुनै स्थानमा लगाउने, लेख्ने वा विद्युतीय तरंगको प्रयोग गरी गरिएको प्रचारको लागी राखिने बस्तु वा सामाग्रीमा गरिने विज्ञापनमा कर लागाइ असूल गरीने उल्लेख छ । पालिकाले आफ्नो क्षेत्रभित्र रहेका यस्ता किसिमका विज्ञापनको अभिलेख राख्ने गरेको छैन।तसर्थः गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण विज्ञापनको अद्यावधिक अभिलेख राखी करको दायरा भित्र ल्याउनु पर्ने देखिन्छ।

३३ **सेवा प्रवाहको स्थिति -**

पालिकाले आर्थिक वर्ष २०८०।८१ जन्मदर्ता ६१४, मृत्यु दर्ता २२३, बसाईसराई दर्ता ६१, विवाह दर्ता २९२ गरी १२२० जनालाई पञ्जिकरण सेवा प्रवाह गरेको छ भने भूमिहिन दलित ३, भुमिहिन सुकुम्वासी ३२, अव्यवस्थित बसोवास १४१६ गरी १४५१ जनाको लगत संकलन गरेको छ ।

३४ **न्यायिक समिति** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ तर पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्ष दर्ता भएका ८ उजुरी मध्ये ३ उजुरी मात्र फर्स्यौट भई ५ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

३५ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २१ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासन अधिकृत, असिस्टेन्ट सवइन्जिनियर सहित ७ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।पालिकाबाट प्राप्त विवरण अनुसार कुल ४३ दरबन्दी रहेकोमा २१ स्थायी १५ करार बाट पदपूर्ति गरी ७ पद रिक्त रहेको छ ।दरबन्दी अनुसार पदपूर्ति गर्नुपर्दछ ।

३६ **कर्मचारी व्यवस्था** –

स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको काममा सेवा करारबाट लिने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र विना प्रस्ताव दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन। पालिकाले उल्लेखित पदहरुमा बाहेक १५ कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु.६२,१९,२६७।- भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

| **पद** | **नियुक्ति संख्या** | **तलव भत्ता रु.** |
|---|---|---|
| इन्जिनियर | १ | ६८५९५७ |
| सव ईन्जिनियर | १ | ४६५३०० |
| असिस्टेन्ट सव इन्जिनियर | २ | १९३०२४ |
| प्रशासन सहायक | ४ | १८२२९०४ |
| प्रशासन सहायक वडा | ३ | १३३७१७८ |
| ना प्रा स | २ | ८५७४५२ |
| पशु प्राविधिक चौथो | २ | ८५७४५२ |
| | १५ | ६२१९२६७ |

| | |
|---|---|
| अनियमित भएको | ६२,१९,२६७ |

३७ **तलबी प्रतिवेदन पारित बेगर तलब भत्ता भुक्तानी -**

स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(५) अनुसार प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ । तर पालिकाले यस वर्ष तलबी प्रतिवेदन पारित नगरी पालिकातर्फका २० जना स्थायी कर्मचारीलाई रु.१,२३,६४,०९५।- तथा स्वास्थ्य तर्फका ११ जना स्थायी कर्मचारीहरुलाई रु.९३,४७,६०४।- समेत रु.२,१७,११,६९९।- तलब भुक्तानी गरेको छ। ऐनमा तोकिए बमोजिम तलबी प्रतिवेदन पारित गरेको छैन । तलबी प्रतिवेदन पारित गराई भुक्तानी खर्च लेखिनु पर्दछ।

३८ **कर्मचारी प्रोत्साहन भत्ता -**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । पालिकाले कानुन तथा कार्यविधि बमोजिमको स्पष्ट मापदण्ड तथा सूचक नबनाई २० जना कर्मचारीलाई रु. ८७३७०५ खाईपाई आएको तलब को १५ देखि ३० प्रतिशत प्रोत्साहन भत्ता खर्च गरेको छ।यस्तो खर्च गर्दा पालिकाले कार्यविधी तथा स्पष्ट मापदण्ड तथा सूचकांक निर्माण गर्नुका साथै पालिकाको आन्तरिक आय, प्रदेश तथा संघीय कानूनलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ।

३९ **करार सेवाका कर्मचारीलाई महंगी भत्ता -**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २१७ मिति २०७४।१।२५ पत्र अनुसार स्वीकृत दरबन्दीमा कार्यरत करार सेवाका कर्मचारीहरुलाई मासिक खाईपाई आएको तलबमा १ महिना बराबरको पर्व खर्च र रु. १० हजार पोशाक खर्च मात्र पाइने व्यवस्था छ । त्यसैगरी संघीय सरकार अर्थ मन्त्रालयले मिति २०७९/१/२१ मा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्राचार गरी करारमा कार्यरत कर्मचारीहरुलाई महंगी भत्ता उपलब्ध गराउन नसकिने भनी मिति २०७९/१/१५ मा गरेको निर्णयको जानकारी सम्बन्धीत स्थानीय तहहरुलाई गराएको देखिन्छ । तर पालिकाले करार सेवामा कार्यरत ४ कर्मचारीलाई करार सम्झौतामा उल्लेख गरी स्थायी कर्मचारी सरह मासिक रु.२,०००।०० का दरले यस वर्ष रु.२४,००० भुक्तानी गरेको रकम उल्लेखित परिपत्र विपरित देखिएकाले सम्बन्धितबाट असूल गर्नुपर्ने रु.

| क्र.सं. | कर्मचारीको नाम | पद | महंगी भत्ता दर | जम्मा महिना | जम्मा रकम |
|---|---|---|---|---|---|
| १ | केशव तिमल्सिना | सव इन्जिनियर | २००० | ९ | १८००० |
| २ | धन बहादुर श्रिमल | असिष्टेण्ट सव इन्जिनियर | २००० | १ | २००० |
| ३ | जनक कुमार थापा मगर | कार्यालय सहयोगी | २००० | १ | २००० |
| ४ | सन्तोष सिलवाल | कार्यालय सहयोगी | २००० | १ | २००० |
| जम्मा | | | | | २४००० |

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **१८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **१८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **१८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **१८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **१८,०००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **१८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **१८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **१८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **१८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **१८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **१८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **१८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **१८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | २४,००० |

४० **अवकास कोष** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त सम्बन्धी कानुन बमोजिम अवकास हुदा योगदानमा आधारित उपदान वा निवृतिभरण औषधी उपचार लगायतको सुविधा उपलब्ध गराउनका लागी दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीको खाइपाई आएको तलवबाट १० प्रतिशत कट्टा गरी अवकास कोषको व्यवस्था गरीने भनिएता पनि पालिकामा अवकास कोष स्थापना भएको पाइएन।

४१ **आर्थिक सहायता** -

पालिकाले आर्थिक सहायता कार्यविधि बनाएर विभिन्न भौचर र मितिमा घर गोठको छानो उडाएको, गाई, बाख्राको मृत्यू भएको, आगलागिबाट क्षति भएको, गाडि दुर्घटनामा परी मृत्यू भएको, पशु तथा वाली नष्ट भएको, आर्थिक अवस्था कमजोर भएको लगायत विषयमा निवेदन पेश भई वडाको सिफारिस तथा पालिका प्रमुखको तोक आदेशका आधारमा रु.१०००० देखि रु.५०००० सम्म तथा गाउँसभाका सदस्यको दुर्घटना तथा अन्य रोग लागेमा विलभरपाई आधारमा अधिकतम रु. २,००,०००।- तथा गाउँसभाको निर्णयको आधारमा अधिकतम रु.३,००,०००।- सम्म दिने व्यवस्था गरेको छ ।पालिकाले यस वर्ष रु.४६,८३,०८७।- आर्थिक सहायता वितरण गरेको छ ।

४२ **भुक्तानी दिन बाँकी** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत

विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु. ८७७०८२७.०५।-।- भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

४३ **सहकारी नियमन**-

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २७ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।साथै पालिकामा संस्थागत रुपमा सहकारी शाखाको व्यवस्था भएता पनि पालिकाले तोकिए बमोजिम विवरण एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला नगरेको र सहकारी संस्थाहरुको नियमित सघन अनुगमन गरेको छैन । सहकारी सदस्यहरुको हित र वचत रकमको सुरक्षा तथा लगानीमा हुन सक्ने दुरुपयेग रोक्न प्रचलित कानूनी व्यवस्था अनुरुप त्यस्ता संस्थाहरुको नियमित अनुगमन गरिनुपर्दछ ।

४४ **प्रविधि हस्तान्तरण** -

गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ मा समुदायमा उद्यमी विकास गर्ने उद्देश्यले प्रविधि हस्तान्तरण गर्न सक्ने व्यवस्था रहेको छ, उक्त प्रविधि हस्तान्तरण कार्यमा लाभग्राहीले कुल मुल्यको २० प्रतिशत बराबर को रकम मा सहभागिता गर्नु पर्ने व्यवस्था रहेकोमा पालिकाले यस बर्ष सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा वृद्धि गर्नका लागि कम्तिमा ५ जनाको समूहमा प्रविधि हस्तान्तरण गर्ने उद्देश्यले उद्यमीहरुलाई प्रविधि हस्तान्तरण उद्यमीबाट संकलन गरिएको २० प्रतिशत बराबरको रकम रु.३५,४८२।- र पेश्की फछ्यौट को रकम रु.४,४४८।- गरि जम्मा रु.३९,९३०।- पालिकाको विविध खातामा दाखिला गरि सम्पूर्ण खर्च संघिय सर्शत शीर्षकबाट खर्च लेखेको देखिएको हुँदा पालिकाको विविध खातामा दाखिला गरेको रकम संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३९,९३० |

४५ **स्थानीय भत्ता** -

( ✂ ….. कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **५,१२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४६ **भाषण कला तालिम** -

४६.१ यातायात खर्च - अर्थमन्त्रालयबाट प्रकाशित कार्य सञ्चालन निर्देशिका २०७७ को ७.१.१५ मा कार्यालय भित्र भएका कार्यक्रममा कार्यालयका कर्मचारीहरुलाई यातायात भत्ता उपलब्ध गराउन सकिने व्यवस्था छैन तर पालिकामा सञ्चालित ३ दिने भाषण कला प्रशिक्षण कार्यक्रममा पालिका भित्र आफ्नै कार्यालयमा भएको कार्यक्रममा सहभागी भए वापत २ जनप्रतिनिधि तथा ३२ कर्मचारीहरुलाई यातायात भत्ता भुक्तानी गरेकोमा लेखापरीक्षण तथा प्रतिकृया मार्फत २ जनप्रतिनिधि तथा २७ कर्मचारीबाट रु १६१४० दाखिला गरेको प्रमाण पेश गरेको आधारमा हटाइएको र बाँकी निम्नानुसारका ५ कर्मचारीको यातायात बापतको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| नाम | यातायात वापत बुझेको रकम |
|---|---|
| **कर्मचारीहरु** | |
| नविना पौडेल | ५०० |
| हिरामाया तामाङ | ५०० |
| रामकुमार श्रेष्ठ | ५०० |
| केशव तिमल्सिना | ५०० |
| पुरन श्रेष्ठ | ५०० |
| **जम्मा** | २५०० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **१,३२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **१,३२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,५०० |

४६.२ **प्रशिक्षक भत्ता** - १५२।२०८०।८।५ अर्थ मन्त्रालयबाट जारी कार्य सञ्चालन निर्देशिका २०७७ को आठौं संस्करणको १५.७ मा सबै प्रकारका तालिम गोष्ठी सेमिनार कार्यशाला सञ्चालन सम्बन्धी मापदण्ड एवं भ्रमण खर्चको व्यवस्था गरेको छ ।जसको बुदा नं ४ मा तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालित सबै प्रकारका तालिममा स्रोत व्यक्ति वा प्रशिक्षकले पारिश्रमिक वापत अधिकृत स्तरको तालिमा पालिका स्तरमा कार्यपत्र वापत रु.१,०००।- र कक्षा सञ्चालन वापत रु.४००।- गरी जम्मा रु.१,४००।- भत्ता पाउने व्यवस्था छ ।तर पालिकाले भाषण कला तालिमका प्रशिक्षक श्री रुपक कालिराजलाई पारिश्रमिक वापत प्रति सेसन रु.२,५००।- को दरले

प्रतिदिन ४ सेसनको ३ दिनको रु.३०,०००।- भुक्तानी भएकोमा सो निर्देशिका बमोजिम निजले १४००*४*३ बराबर रु.१६८००।- पाउनुपर्नेमा बढी भुक्तानी भएको प्रति सेसन रु.१,१००।- का दरले १२ सेसनको कर बाहेक रु.११,२२०।- असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,२२० |

४७ **बढी दरमा भत्ता भुक्तानी** -

५४४। २०८०।१२।२१ वागमती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची-१ क मा गाउँपालिकाका अध्यक्षको अध्यक्षतामा बसेको बैठकमा प्रति बैठक रु.१,०००।- का दरले बैठक भत्ता पाउने व्यवस्था छ ।पालिकाले मिति २०८०।१२।२१ मा गरेको गाउँसभाको १४ औ अधिवेशनमा प्रति व्यक्ति रु.१,५००।- को दरले देहायबमोजिमका ३८ जना पदाधिकारी तथा कर्मचारीलाई बैठक भत्ता वापत रु. ४२५ का दरले कर बाहेक रु.१६,१५०।- बढी भुक्तानी भएकोले निम्नानुसारका पदाधिकारी तथा कर्मचारीबाट असुल गर्नुपर्ने रु.

| सिनं | नाम | भत्ता पाउने रकम कर बाहेक | भत्ता बुझेको रकम कर बाहेक | बढी भत्ता बुझेको रकम |
|---|---|---|---|---|
| | जनप्रतिनिधि तर्फ | | | |
| १ | पेमा वाङ्ग्याल लामा | ८५० | १२७५ | ४२५ |
| २ | शम्भु गुरुङ सागर | ८५० | १२७५ | ४२५ |
| ३ | देव बहादुर पुलामी | ८५० | १२७५ | ४२५ |
| ४ | झक बहादुर मगर | ८५० | १२७५ | ४२५ |
| ५ | श्री बुधे घले | ८५० | १२७५ | ४२५ |
| ६ | श्री सुरेन्द्र कुमार मगर | ८५० | १२७५ | ४२५ |
| ७ | श्री सानो गिरी | ८५० | १२७५ | ४२५ |
| ८ | श्री प्रेमकुमारी थापामगर | ८५० | १२७५ | ४२५ |
| ९ | श्री जुना सार्की | ८५० | १२७५ | ४२५ |
| १० | श्री लक्ष्मी थपलिया | ८५० | १२७५ | ४२५ |
| ११ | श्री श्याम बहादुर घले | ८५० | १२७५ | ४२५ |
| १२ | श्री रस्मिता माझी | ८५० | १२७५ | ४२५ |
| १३ | श्री राममाया परियार | ८५० | १२७५ | ४२५ |
| १४ | श्री समर्पण राना | ८५० | १२७५ | ४२५ |
| १५ | श्री बद्रि प्रसाद अर्याल | ८५० | १२७५ | ४२५ |
| १६ | श्री खिनमाया श्रीमल | ८५० | १२७५ | ४२५ |
| १७ | श्री झम्क बहादुर सिलवाल | ८५० | १२७५ | ४२५ |
| १८ | श्री कमला बिसुन्के | ८५० | १२७५ | ४२५ |
| १९ | श्री बेधनिधि पाठक | ८५० | १२७५ | ४२५ |
| २० | श्री तुलानारायण श्रेष्ठ | ८५० | १२७५ | ४२५ |
| २१ | श्री विन्दा थापामगर | ८५० | १२७५ | ४२५ |
| २२ | श्री छन्द प्रसाद सिलवाल | ८५० | १२७५ | ४२५ |
| २३ | श्री तिलक बहादुर श्रेष्ठ | ८५० | १२७५ | ४२५ |
| २४ | श्री प्रकास कुमार श्रेष्ठ | ८५० | १२७५ | ४२५ |
| २५ | श्री उषा श्रेष्ठ | ८५० | १२७५ | ४२५ |
| २६ | श्री सुन्तली विक | ८५० | १२७५ | ४२५ |
| २७ | श्री अस्मिता नेपाली | ८५० | १२७५ | ४२५ |
| २८ | श्री रंग प्रसाद थपलिया | ८५० | १२७५ | ४२५ |
| २९ | श्री ज्ञान बहादुर माझि | ८५० | १२७५ | ४२५ |

गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **४२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **४२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,१५० |

४८ **बजार अनुगमन भत्ता _**

१६०।२०८०।८।५ बजार अनुगमन निर्देशिका २०७९ को बुदा नं ३० मा सम्बन्धित जिल्ला भित्रको बजार अनुगमन गरेवापत अनुगमन टोली सदस्यहरुले खाना वा खाजा खर्च वापत प्रतिव्यक्ति दैनिक पाँच सय रुपैया सुविधा पाउने उल्लेख छ ।तर पालिकाले पालिका भित्रका विभिन्न स्थानमा अनुगमन गरेवापत दैनिक १५०० का दरले खर्च लेखेको देखिएकोले निर्देशिकाले तोकेभन्दा बढी भुक्तानी भएको रु.४,६५०।- निम्नानुसारबाट असूल गरी दाखिला गर्नुपर्ने रु.

| नाम | पद | बजार अनुगमन गरेको दिन | दर | बजार अनुगमन वापत पाउने रकम | बजार अनुगमन वापत भुक्तानी रकम | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| श्री पेमा वाङग्याल लामा | वडा अध्यक्ष | २ | ५०० | १००० | २५५० | १५५० |
| राम कुमार श्रेष्ठ | सकअ | २ | ५०० | १००० | २५५० | १५५० |
| मान बहादुर कुमाल | वप्रह | १ | ५०० | ५०० | १२७५ | ७७५ |
| शिवराम घिमिरे | वप्रह | १ | ५०० | ५०० | १२७५ | ७७५ |
| जम्मा | | | | | | ४६५० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **१,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **१,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **१,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **१,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **१,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **७७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **७७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,६५० |

४९ **विविध खर्च** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यस वर्ष विविध खर्च शिर्षकबाट रु.१६,२८,३७१ खर्च गरेको छ । जसमध्ये खाना, खाजा तथा विविधमा लगायत रहेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

५० **कन्टेन्जेन्सी खर्च** -

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम(७)सँग सम्बन्धित अनुसूची १ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज र स्टाफ खर्चको लागि २ प्रतिशत र अन्य सानातिना खर्चको लागि २ प्रतिशत कन्टन्जेन्सी खर्च गर्न सकिने व्यवस्था छ ।पालिकाले यस वर्ष कन्टिन्जेन्सी वापत रु ५लाख ५४ हजार खर्च गरेको देखिन्छ जुन पूँजीगत खर्च १८ करोड १ लाख ३२ हजारको ०.३१ प्रतिशत हुन आउँछ ।पालिकाबाट प्राप्त विवरण अनुसार पालिकाले यस वर्ष कन्टिन्जेन्सि वापतको रकम मध्ये रु २ लाख ४५ हजार कम्प्यूटर मर्मत , रु १लाख ९३ हजार सूचना प्रकाशनमा रु २२ हजार इन्धनमा र रु ९३ हजार विभिन्न प्राविधिकहरुको फिल्ड सामाग्रीमा खर्च भएको पाइयो ।

५१ **जिन्सी निरीक्षण भत्ता**-

५८।२०८०।६।२५ सिद्धलेक गाउँपालिकाको निमित्त आवश्यक निर्णय तथा तथा नीति निर्माण गर्न आवश्यक लेखन कार्यलाई व्यवस्थित गर्न बनेको कार्यविधि २०७९ को बुदाँ नं ५ (ख) लाई आधार मानेर जिन्सी निरिक्षणको खर्च लेखेको छ ।सम्बन्धित कार्य भन्दा फरक कार्यका लागि बनेको कानूनलाई आधारमानेर खर्च लेख्न मिल्ने देखिदैन ।तर पालिकाका देहायबमोजिमका ५ जना कर्मचारीहरुले आ व २०७९।८० को वडा तथा पालिकाको जिन्सी निरिक्षण गरे वापत सोही कार्यविधि अनुसार ८ दिनको फिल्ड भत्ता वापत दैनिक रु.१५०० का दरले रकम बुझेको देखिन्छ । भ्रमण खर्च नियमावली ,२०६४ ले १५ किलोमिटर भन्दा कम दुरी भएको स्थानमा जाँदा दैनिक भ्रमण भत्ताको २५ प्रतिशत रकम खाजा खर्च वापत पाउने व्यवस्था छ ।आमन्त्रित सदस्य राजन फुयाले रु २८०० भुक्तानी लिन मिल्नेमा रु १०२०० भुक्तानी लिएको देखिएकोले बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| **नाम** | **पद** | **फिल्ड भत्ता वापत पाउने दैनिक भ्रमण भत्ताको २५ प्रतिशत** | **फिल्ड भत्ता वापत बुझेको रकम कर बाहेक रु** | **बढी रकम** | **कैफियत** |
|---|---|---|---|---|---|
| राजन फुयाल | आमन्त्रित सदस्य | २८०० | १०२०० | ७४०० | |
| **जम्मा** | | | | **७४००** | |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **७,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **८,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **७,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,४०० |

५२ **बैठक भत्ता** -

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को बुदा नं १२ मा नियमित प्रकृतिका कामलाई कार्यक्रम खर्चमा राखी सञ्चालन गर्न नपाइने तथा उक्त कार्यक्रम खर्चबाट मर्मत, इन्धन, बैठक भत्ता जस्ता कार्यमा खर्च लेख्न नपाइने व्यवस्था छ ।तर पालिकाले शिक्षक छनौट परीक्षा सञ्चालनको लागी विभिन्न समयमा बसेको बैठक वापत बैठक भत्ता भुक्तानी लिएकोमा नमुनाको आधारमा परीक्षण गर्दा देहायका बैठकमा बैठकको संयोजक कार्यालय भन्दा बाहिर रहेको देखिएकोले संयोजक नै नभएको

अवस्थामा बैठक बसी निम्नानुसारको बैठक वापत रु.९३०७५।- भुक्तानी भएकोमा लेखापरीक्षणको क्रममा रु.५८६५० र प्रतिकृयामा रु ७६५० बेरुजु दाखिला भएकोले बाँकी रकम देहायबमोजिमबाट असूल गर्नुपर्ने रु.

| भौ नं | बैठकको संयोजक | बैठक मिति | बैठकवापत रकम भूक्तानी हुने व्यक्तिहरु | बैठक दर करबाहेक | बैठक संख्या | बढी भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ६५६।०८०।२।२५ | विनोद कुमार अधिकारी | ०८१।१।३१, २।३ | विनोद कुमार अधिकारी | १२७५ | २ | २५५० | २०८१।१।३१ काठमाण्डौ काज तथा २।३ हेटौडा काज |
| | | | ऋषि अधिकारी | १२७५ | २ | २५५० | |
| ६८०।२।२८ | विनोद कुमार अधिकारी | ०८१।२।६,१४,१५, २।१८,१८,१९,२०, | विनोद कुमार अधिकारी | १२७५ | ७ | ८९२५ | ०८१।२।२ देखि ७ सम्म हेटौडा काज १४ १५ काठमाण्डौं काज १८ देखि २० क्या.वि |
| | | | ऋषि अधिकारी | १२७५ | ७ | ८९२५ | |
| | | | भगवान प्रसाद पौडेल | १२७५ | ३ | ३८२५ | |
| **जम्मा** | | | | **२६७७५** | | | |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | २६,७७५ |

५३ **पदाधिकारीको दोहोरो यातायात सुविधा-**

वागमती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ लाई संशोधन गर्न बनेको ऐनको अनुसूची १ मा स्थानीय तहका पदाधिकारीहरुले पाउने सुविधाको व्यवस्था छ ।जसमा मासिक यातायात वापत सवारी साधन उपलब्ध नभएको अवस्थामा पालिकाका वडा अध्यक्षहरुले मासिक रु.४,०००।- का दरले यातायात खर्च पाउने व्यवस्था छ ।तर पालिकाले देहायका पदाधिकारीहरुलाई सवारी साधन मोटर साईकल उपलब्ध गराएर पनि मासिक यातायात वापतको रकम भुक्तानी गरेको देखिएकोले दोहोरो पर्न गएको यातायात वापतको रु.१,८८,०००।- सम्बन्धित पदाधिकारीबाट असूल गर्नुपर्ने रु.

| वडा नं | पदाधिकारीको नाम | सवारीसाधन बुझेको मिति | दोहोरो परेको महिना | दर | रकम |
|---|---|---|---|---|---|
| १ | श्री पेमा लामा | २०८०।९।१ | ७ | ४००० | २८००० |
| २ | श्री शम्भु गुरुङ | २०८०।२।२८ | ७ | ४००० | २८००० |
| ३ | श्री देव बहादुर पुलामी | २०८०।६।२९ | ७ | ४००० | २८००० |
| ४ | श्री झक बहादुर मगर | २०८०।११।२ | ५ | ४००० | २०००० |
| ५ | श्री बुधे घले | २०८०।५।८ | ७ | ४००० | २८००० |
| ६ | श्री सुरेन्द्र कुमार मगर | २०८०।९।१ | ७ | ४००० | २८००० |
| ७ | श्री सानु गिरी | २०८०।९।१ | ७ | ४००० | २८००० |
| **जम्मा** | | | | | १८८००० |

| असुल गर्नुपर्ने | १,८८,००० |
|---|---|

५४ **बैठक भत्ता -**

अर्थ मन्त्रालयबाट जारी कार्य संचालन निर्देशिका, २०७७ को बुंदा नं ७.१.१ मा बैठक कार्यालय समय अघि वा पछि सम्पन्न हुनुपर्ने, एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने, कानुन अनुसार गठन भएका समितिहरुको बैठकका लागि मात्र भत्ता प्रदान गर्ने व्यवस्था गरेको छ ।पालिकाले प्रधानाध्यापकहरुको बैठकद्वारा गठित अंग्रेजी पाठ्यपुस्तक छनोट समितीलाई २०८१।१।११ मा बसेको बैठक र शैक्षिक क्यालेन्डर निर्माण समितिलाई २०८१।१।२१ मा बसेको बैठक बापत भौ.नं ७३६(२०८१।३।११) र ७७९(२०८१।३।१८) बाट भुक्तानी दिएको कानुन बमोजिम गठन नभएका समिति हरुको बैठक बसी भत्ता प्रदान गरेको रु. ११९०० ।- असुल गर्नुपर्ने रु.

| क्र.स | नाम | विद्यालयको नाम | बैठक संख्या | रकम |
|---|---|---|---|---|
| १ | ध्रुव प्रसाद सिलवाल | मनकामना आ.वि | २ | ११९० |
| २ | जनार्दन नेपाल | मिन्दुगका मा. वि | २ | ११९० |
| ३ | लोक बहादुर दर्लामी | जलदेव आ.वि | २ | ११९० |
| ४ | भगवती सापकोटा | शमिटार आ.वि | २ | ११९० |
| ५ | लाल बहादुर सापकोटा | महाकाली मा.वि | २ | ११९० |
| ६ | हरि बहादुर सिलवाल | सिद्धेश्वर मा.वि | २ | ११९० |
| ७ | महेश कुमार श्रेष्ठ | पञ्चमुखि मा.वि | २ | ११९० |
| ८ | सिताराम न्यौपाने | नागेश्वरी आ.वि | २ | ११९० |
| ९ | गीता मगर | गोल्मारानी आ.वि | २ | ११९० |
| १० | हरिचन्द्र शर्मा | जाल्पादेवि आ.वि | २ | ११९० |
| जम्मा | | | | ११९०० |

| असुल गर्नुपर्ने | ११,९०० |
|---|---|

५५ **सोझै तथा टुक्रे खरिद -**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सिमित हुनेगरी खरिद कार्य गर्न नहुने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम (३१) मा बीस लाख रुपैंया भन्दा बढी लागत अनुमान भएको मालसामान खरिद गर्दा खुला बोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने व्यवस्था छ । खुला बोलपत्रको माध्यमवाट खरिद गर्दा बढी प्रतिस्पर्धा भई कम मुल्यमा सामान प्राप्त हुने हुन्छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ मा प्याकेजिङ्ग तथा रिप्याकेजिङ्ग गरी ठेक्का सम्झौता गर्न सकिने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ मा उल्लेख भएअनुसार वार्षिक खरिद योजना तयार गरी आवश्यकता अनुसार खरिद विधि छनौट गरी प्रतिस्पर्धात्मक विधि अवलम्बन गर्नुपर्दछ । लेखापरीक्षणका क्रममा नमुना परीक्षण गर्दा पालिकाले यस वर्ष देहायवमोजिम मेशिनरी औजार तथा फर्निचर, मसलन्द तथा कार्यालय सामाग्री सोझै खरिद गरि रु.२५,५४,०२५।- भुक्तानी गरेको देखियो । ऐन तथा नियमावलीमा भएको ब्यबस्था विपरित यस प्रकारको सोझै खरिद गरेको नियमसम्मत देखिएन ।

| सि नं | मिती | भौ.नं | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विवरण | रकम |
|---|---|---|---|---|---|
| १ | २४/०७/२०८० | १४० | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | प्रतिक इम्पेक्स | १, ६२ , ०००.०० |
| २ | २३/०९/२०८० | २४४ | | न्यू मोनिका मिल एण्ड मेसीनरी स्टोर्स | ४२,५३१.०० |
| ३ | १४/०२/२०८१ | ६२६ | | प्रतिक इम्पेक्स | १, ८४ , ५००.०० |
| ४ | १६/०३/२०८१ | ७५१ | | सु समर्पण कम्प्युटर एण्ड मोवाइल सप | ९६,०००.०० |
| ५ | १७/०३/२०८१ | ७५२ | | सु समर्पण कम्प्युटर एण्ड मोवाइल सप | ८९,५००.०० |
| ६ | २०८०।१२। १४ | ९० | | न्यु क्रियसन सप्लायर्स | ७९५०००। |
| जम्मा | | | | | १३६९५३१। |
| १ | ०२/०३/२०८१ | २११ | फर्निचर तथा फिक्चर्स | निलकण्ठ फर्निचर एण्ड सप्लायर्स, नीलकण्ठ फर्निचर उद्योग | १, ०९ , १४७.०० |
| २ | १६/०३/२०८१ | २५८ | | धादिङ फर्निसिङ सेन्टर | ६, ६० , ८३५.०० |
| ३ | २०/०३/२०८१ | २८७ | | एन.एस. सप्लायर्स | ४, १४ , ५१२.०० |
| जम्मा | | | | | ११, ८४ , ४९४.०० |
| कुल जम्मा | | | | | २५५४०२५ |

५६ **संघीय सरकार पुँजिगत तर्फ** -

सार्वजनिक खरीद नियमावली २०६४ को नियम ११३ मा निर्माण व्यवसायी लाई खरीद सम्झौता भएपछी तोकिए वमोजिम पेस्की उपलव्ध गराउन सकिने व्यवस्था रहेको छ ।पालिकाले संघीय सरकार वाट हस्तान्तरित कार्यक्रमका लागि पालिका अन्तर्गत बुङचुङ आरुवास भेडावारी मैदान कमलवारी सडक निर्माणका लागि १ करोड रकम विनियोजन भएकोमा रु.९९,९९,९९४।- लगत इस्टिमेट बनाई सवैभन्दा कम दररेट पेश गर्ने आ. डि. एस निर्माण सेवा संग सम्झौता भइ निजलाई भौ.नं. ३ मिति २०८०।११।२३ मा रु.२,८५,०००।- पेश्कि दिनुपर्नेमा ब.ख गरि रु.२,८५,०००।- दिएको र पेश्कि नजनाई बजेट खर्च गरिएको र भौ.न. ४ मिति बाट पुन रु.२,८५,०००। पेश्कि दिएको देखिएको र भौ.न. ४ वाट दिएको पेश्कि भौ.न. ११ मिति २०८१।२।७ बाट फर्छ्यौट भएको देखिएकोले भौ.न. ३ वाट सोझै बजेट खर्च लेखेको पेश्कि बढी भुक्तानी भएको रु.२,८५,०००।- असुल गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,८५,००० |

५७ **प्रदेश सरकार समपुरक योजना** -

प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ को बुँदा नं. ४ बमोजिम प्रदेश सरकारले व्यहोर्ने अंश सम्बन्धमा आयोजनाको प्रकृति, प्राथमिकता, आवश्यकता, प्राप्त हुनसक्ने सम्भाव्य उपलब्धी, दिगोपना आदिको आधारमा कुल लागतको बढीमा पचास प्रतिशतसम्म प्रदेश सरकारले समपूरक अनुदानको रुपमा प्रदान गर्न सक्ने व्यवस्था छ । साथै बुँदा नं. ८(क) बमोजिम स्थानीय तहले समपूरक अनुदान रकम खर्च गर्दा जुन आयोजना/कार्यक्रमको लागि अनुदान प्राप्त भएको हो सो आयोजना/कार्यक्रममा खर्च गर्नुपर्ने व्यवस्था छ, साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा वित्तिय हस्तान्तरण रकम फिर्ता

गर्ने व्यवस्था अनुसार संघ र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदान सम्बन्धित शिर्षकमा खर्च गर्ने र खर्च गर्न बाँकी रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले प्रदेश समपुरक अनुदानबाट देहायका योजनामा प्राप्त रकम पचास प्रतिशत पालिकाले व्यहोर्नु पर्नेमा प्रदेश सरकारको खातामा फिर्ता गर्नुपर्नेमा फिर्ता गरेको नदेखिएकोले निर्देशिका विपरित खर्च गरेको रकम प्रदेश सञ्चित कोष मा फिर्ता गर्नु रु.

| **क्र.स.** | **योजनाको नाम** | **विनियोजित बजेट रु.** | **सम्झौता रकम रु.** | कुल भुक्तानी रकम | **प्रदेश सरकारले व्यहोर्नुपर्ने रु.** | **प्रदेश सरकारको बजेट खर्च रु.** | **प्रदेश सरकारलाई फिर्ता गर्नुपर्ने रु.** |
|---|---|---|---|---|---|---|---|
| १ | अर्चले तारनलाङ ठाटी सडक | २ करोड | १२६५६५७९।९७ | ८३३६४८६। | ४१६८२४१।५ | ६३३६४८१।५ | २१६८२४१। |
| २ | डुम्रेखोला बडा कार्यालय हटिया सडक कालोपत्रे | २ करोड | १२२९३२०८। | १२८२९६५६। | ६४१४८२८। | १०२७०५९७। | ३८५५७६९। |
| जम्मा | | | | | | | ६०२४०१०। |

| प्रमाण पेश नगरेको | ६०,२४,०१० |
|---|---|

५८ **बिल भरपाई -**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **७९५,०९६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

५९ **बिलभन्दा बढी भुक्तानी -**

६०९-२०८१।२।९ सार्वजनिक खरीद नियमावली २०६४ को नियम १२४ मा खरीद सम्झौता बमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले स्वीकार गरेपछी निर्माण व्यवसायीको करारका शर्तनामा बमोजिम भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ।पालिकाले सिलवन्दी दरभाउ पत्र मार्फत एच.डि.पि पाइप खरीद गरि नेपाल ब्ल्याकगोल्ड एण्ड एलाइट इन्डस्ट्रिज प्रा.लि सँग रु.७७,५०१०।- को सम्झौता गरी निज प्रा.ली लाई के कुन योजनामा खरीद गरिएको हो सो नखुलाई ठेक्का बील आधारमा रु.७,४७,४२६।- भुक्तानी हुनुपर्ने मा निजले पेश गरेको रु.७,७५,०१०।- भुक्तानी भएकोले ठेक्का बीलभन्दा बढी भुक्तानी भएको रु.२७,५८४।- असुल गर्नु पर्ने रु.

| असुल गर्नुपर्ने | २७,५८४ |
|---|---|

६० **१५ शैयाको आधारभुत अस्पताल सम्वन्धमा -**

सार्वजनिक खरीद ऐन २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरीदको लागि तोकिए वमोजिम लागत अनुमान तयार गर्नुपर्दछ भन्ने व्यवस्था अनुसार पालिकाको वडा न १ वैरेनी स्थित १५ शैयाको अस्पताल निर्माण गर्नका लागि रु.२३,५७,४७,६७६।३६ लागत अनुमान तयार गरी जि. पि. विल्डर्स प्रा. लि. संग मु.अ. कर सहित रु.१५,४५,२६,९२५।- मा २४ महिना भित्र कार्य सम्पन्न गर्नेगरी मिति २०८०।१२।८ सम्झौता भएको छ ।

६१ **मोटरसाइकल खरिद -**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **७६९,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| अनियमित भएको | ० |
|---|---|

६२ **पेश्की बाँकि -**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५१ अनुसार सरकारी रकम पेश्की लिने कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले नियमावलीमा तोकिएको म्याद भित्र पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । पालिकाले पोल तथा तार व्यवस्थापन प्रयोजनको लागि नेपाल विधुत प्राधिकरणलाई दिएको म्याद ननाघेको पेश्की रु.१९,८२,७९५।- र गत वर्षको म्याद नाघेको अनमि सबिता खड्काको पेश्की रु.३२०००।- गरी जम्मा रु.२०१४७९५।- पेश्की आर्थिक वर्षको अन्त्यसम्म पनि फर्स्यौट नभई पेश्की बाँकी देखिएकोले नियमानुसार फर्स्यौट हुनुपर्दछ ।

| सि.नं. | पेश्की लिनेको विवरण | पेश्की लिनुको उद्देश्य | म्याद नाघेको रु. | म्याद ननाघेको रु. | जम्मा रु. |
|---|---|---|---|---|---|
| १ | नेपाल विधुत प्राधिकरण | पोल तथा तार व्यवस्थापन | | १९,८२,७९५ | १९,८२,७९५ |
| २ | अनमि सबिता खड्काको आ.व. २०७९।८० | सुत्केरीहरुको यातायात खर्च वापत | ३२००० | | |
| | | जम्मा | ३२००० | १९,८२,७९५ | २०१४७९५ |

६३ **बढी भुक्तानी** -

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा बिल भरपाई सहित आवश्यक प्रमाण कागजात राख्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निर्माण व्यवसायीलाई वीमाको रकम भुक्तानी गर्दा वील भन्दा वढी रकम भुक्तानी दिएको देखिएकोले बढी भुक्तानी भएको रकम असुल गर्नु पर्ने रु.

| सि न | भौ न मिति | काम | निर्माण व्यवसायी | भुक्तानी हुनुपर्ने रकम | भुक्तानी भएको रकम | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| १ | ३३।२०८१।३।२४ | जरे आदनटार मालडाडा भैसे कम्पुर भन्ज्याङ सडक | न्यु तिनकन्या निर्माण सेवा | २२,३२८.०० | ५०,०००.०० | २७,६७१.०० |

| असुल गर्नुपर्ने | २७,६७१ |
|---|---|

६४ **काम नखूलाई गरेको कार्य** -

सार्वजनिक खरीद नियमावली २०६४ को नियम १२४ मा खरीद सम्झौता वमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले स्वीकार गरेपछि करारको शर्तनामा बमोजिम भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले डुम्रे खोला वडा कार्यालय हटिया सडक कालोपत्रे गर्नका लागि रु. २ करोड विनियोजन भई निमा विल्ड्र्स एण्ड सप्लार्यस प्रा.लि सँग मिती २०८०।१०।१४ मा सम्झौता भई निर्माण व्यवसायीलाई विभिन्न चार वटा भौचरबाट रु.१,२२,८८,४८०।- कार्य सम्पन्न गरी भुक्तानी भई सकेपछी पुन: आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३३ बमोजिम कार्यक्रम संशोधन नगरी के कामको लागि पुनः सोही फर्मबाट मिति २०८१।३।६ मा दररेट माग गरी निज फर्मलाई भौ.न. ५० मिति २०८१।३।२४ मा कार्य सम्पन्न प्रतिवेदनका आधारमा रु.५,४१,१७६।- भुक्तानी दिएको देखिएकोले कार्य स्थल नखुलाई के कुन थप काम भएको हो भनि नखुलाई खर्च गरेको अनियमित भएको रु.

| अनियमित भएको | ५,४१,१७६ |
|---|---|

६५ **म्याद थप बेगर तलब भुक्तानी** -

करार सेवामा कार्यरत कर्मचारीहरुको कार्य सम्पादन स्तर मूल्याङ्कन तथा नयाँ अवधिको लागि करार सम्झौता सम्बन्धी मापदण्ड २०७८ को दफा १५ मा करारमा कार्यरत कर्मचारीहरुको म्याद थप नविकरण प्रत्येक आर्थिक वर्षको पुस मसान्त र असार मसान्तमा गर्नुपर्ने व्यवस्था छ ।तर पालिकाले आधारभुत स्वास्थ्य तर्फका करार कर्मचारी श्री प्रमिला श्रेष्ठको २०८० भाद्र देखि म्याद थप नभई काम छाडेको अवस्थामा निजलाई २०८० मंसिर देखि चैत्रसम्मको तलब भत्ता वापत रु. १४८००० भुक्तानी भएकोले निजबाट उक्त अवधिको तलब भत्ता असूल हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | १,४८,००० |
|---|---|

६६ **बढी भुक्तानी** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ अनुसार खर्चका बिल भरपाई सहित त्यसलाई पुष्टयाई गर्ने कागजात सहितको लेखा राख्नुपर्ने र भुक्तानी गर्दा रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । देहाय बमोजिमका भुक्तानीहरुको विल तथा भरपाई भन्दा बढी भुक्तानी भएकोले असुल गर्नु पर्ने रु.

| **भौ.नं./मिति** | **उपभोक्ता समिति/ व्यक्ति/ सामान आपुर्तिकर्ताको नाम** | **बढी भुक्तानी रु.** |
|---|---|---|
| २८।२०८०।४।९ | वडा कार्यालय घरेडी खार्ने तथा वालनिर्माण उपभोक्ता समिति | ३८३० |
| ११९- २०८०।१२।०७ | राजिव सिल्वालले पारिश्रमिक कर १३६५ दाखिला गर्नुपर्नेमा ६३० मात्र गरेको | ७३५ |
| **जम्मा** | | **४५६५** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,५६५ |

६७ **बेरितको कर विजक** -

३३७/२०८०।१०।११ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९(१) मा सार्वजनिक निकायले कुनै सामान खरिद गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति,फर्म,संस्था वा कम्पनीबाट मात्र खरिद गर्नु पर्ने व्यबस्था छ ।साथै मूल्य अभिबृद्धि कर, २०५२ को दफा १४ बमोजिम मूल्य अभिबृद्धि करमा दर्ता भएका फर्मसंग तोकिएको ढाँचाको कर बिजक लिई खरिद गर्नु पर्ने व्यबस्था छ ।अमर आदर्श मा.वि.ले युना वुक्स एण्ड स्टेशनरी भ्याट नं. ६००४२९९५५ बाट मिति २०८०।९।१ मा जारी बिल नं ४३ र ४४ बाट रु ३६८४१८।०० को विभिन्न सामाग्री खरिद गरेको देखिएकोमा उक्त विक्रेताले जारी गरेको कर विजकमा विजक नं .केर मेट गरेको पाईएकोले त्यस्तो कर विजकबाट भुक्तानी भएको मू.अ. कर वापतको रु.४२३८३ दाखिला तथा समायोजन गरेको प्रमाण पेस हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४२,३८३ |

६८ **स्थानीय भत्ता** -

अर्थ मन्त्रालय मिति २०७१।५।२० को पत्र अनुसार २०७१।४।१ देखि लागु हुनेगरि स्थानीय भत्ताको प्रयोजनको लागी जिल्लाहरुलाई क, ख, ग र घ श्रेणीमा विभाजन गरी सोहि बमोजिम स्थानीय भत्ताको दररेट निर्धारण गरेर स्थानीय भत्ता भुक्तानी भइरहेकोमा राज्य पुर्नःसंरचनामा गै सकेपछि पनि स्थानिय तहमा कार्यरत कर्मचारीहरुलाई स्थानीय भत्ता उपलब्ध हुँदै आएको छ ।यसरी भौगोलिक क्षेत्र निर्धारण गरी पालिकामा कार्यरत स्थायी कर्मचारीहरुमध्ये अधिकृत स्तरले रु.३,७५०।- सहायक स्तर पाचौंले रु.३,०६०।- र सहायक स्तर चौथोले रु.२५६०।- का दरले ३७ जना कर्मचारीले बार्षिक रु.९,५३,२१०।- स्थानीय भत्ता भुक्तानी लिएको देखिन्छ ।

६९ **बढी भुक्तानी** -

१५-२०८१२।१५ सार्वजनिक खरीद नियमावली २०६४ को नियम ११८ खरीद सम्झौता गर्दाको वखत पुर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सृजना भई ऐनको दफा ५४ वमोजिम सार्वजनिक निकायले भेरिएशन आदेश जारि गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले परेवाटार पिप्ले कुम्पुर भञ्याङ वागबच्छला बेल्टार कालिदह पुल सडक निर्माणका लागि यु एन कन्ट्रक्सन संग रु.२७,४६,२३६।०६ सम्झौता भएर कार्य गरेकोमा पालिकाले लागत अनुमान भन्दा निम्नानुसारका आइटममा बढी आइटम काम भएको भनि देखाइ बढी भुक्तानी रु.५६,६८८।- भएकोमा पालिकाले भेरिएशन आदेश जारी नगरी भुक्तानि दिएको असुल गर्नुपर्ने रु.

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | Road way excavation | ३ | २२४५.३८ | २९०९.०६ | ८०। | ५३०९४। |
| २ | Road way excavation | ४ | ८८.१७ | १०६.१४ | २०० | ३५९४। |
| जम्मा | | | | | | ५६६८८। |

| असुल गर्नुपर्ने | ५६,६८८ |
|---|---|

७० **स्वास्थ्य तर्फको दरबन्दी पदपूर्ति -**

पालिकामा आर्थिक वर्ष २०८०।८१ मा संचालनमा रहेका स्वास्थ्य संस्थाको दरबन्दी पदपूर्ती र सेवा प्रवाहको अवस्था देहाए बमोजिम रहेको छ ।

| स्वास्थ्य संस्थाको किसिम | स्वास्थ्य संस्थाको संख्या | दरबन्दी | पदपूर्ती | सेवाग्राहीको संख्या | औषधी वितरण रु |
|---|---|---|---|---|---|
| स्वास्थ्य केन्द्र | १० | १५ | ९ | २२२४८ | रु २३ लाख |

उक्त विवरण अनुसार पालिकामा जम्मा १० स्वास्थ्य केन्द्रमा कुल १५ दरबन्दी रहेकोमा हाल ९ पद स्थायी र १४ पद करार मार्फत पुर्ती गरी सेवा प्रवाह गर्ने गरेको देखिन्छ ।

७१ **औषधी खरिद-**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३३ मा स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गतको कुनै कार्यक्रम कार्यान्वयन गर्न नसकिने भएमा वा स्वीकृत कार्यक्रम भित्रको अन्य कनै क्रियाकलापमा खर्च गर्नुपर्ने अवस्था भएमा सम्बन्धित कार्यालयले त्यस्तो कार्यक्रम सम्पन्न गर्न नसक्नुको कारण तथा नयाँ कार्यक्रम सञ्चालन गर्नुपर्ने आधार उल्लेख गरी कार्यक्रम संशोधन गर्नका लागि तालुक केन्द्रिय निकायमा लेखि पठाउनु पर्ने छ । त्यसरी लेखि पठाउँदा आवधिक योजना तथा कार्यक्रमको उद्देश्य लक्ष्य र स्वीकृत बजेट अनुकुल हुने गरी पठाउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर्थिक बर्ष २०८०।८१ को लागि आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि निःशूल्क रुपमा वितरण गर्ने ९८ प्रकारका औषधि खरिद गर्नको लागि रु.२४,७४,०००।- बजेट विनियोजन गरेको मा कार्यालयले ७९ आइटमको रु.२४,७३,९९८।- बराबरको लागत अनुमान तयार यरी विद्युतिय टेण्डर गरेकोमा उक्त औषधी यूदिप मेडिको फर्मा संग रु.७,६९,४७८।२ मा सम्झौता गरी रु.६,८१,२५६।- बराबरको औषधि खरिद गरेको देखिएको छ । लागत अनुमान बमोजिमको टेण्डर प्रकृया पूरा गरी आवश्यक औषधी खरिद गरिसके पश्चात पुनः मिति २०८१।३।९ मा कोटेशनको माध्यमबाट भोलानाथ मेडिहेल्थ प्रा.लि.संग सम्झौता गरी रु.९,८८,८९१।- बराबरको औषधी खरिद गरेको देखिएको छ । यसरी लागत अनुमान बमोजिम आवश्यक पर्ने औषधी खरिद गरिसकेपछि पुनः आर्थिक वर्षको अन्त्यमा सोही सामाग्री खरिद गरेको हुँदा यस्तो खरिद कार्यमा नियन्त्रण गरिनुपर्दछ ।

७२ **बढि भुक्तानी -**

भौ.नं.१४।२०८०।८।५ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले बालमैत्री स्थानीय तह घोषणा प्रोत्साहन कार्यक्रम संचालन गर्दा कबिता भट्टले रु १४३९५० को बिल भरपाई पेश गरेकोमा रु.१,४९,९५०।- भुक्तानी दिएकोले बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असूल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ६,००० |
|---|---|

७३ **बढि दरमा सेसन -**

अर्थ मन्त्रालयबाट स्वीकृत भई जारी भएको कार्य संचालन निर्देशिका, २०७७ को बुंदा नं. ७.१.१५ बमोजिम सार्वजनिक निकायले संचालन गर्ने तालिम, गोष्ठि, सेमिनार तथा कार्यशालामा एउटा कक्षाको अवधि १ घण्टा ३० मिनेटको हुनुपर्ने र एक दिनमा बढीमा ४ सेशन गर्न सकिने व्यवस्था छ । अधिकृतस्तरको तालिममा प्रति सेशन तालिमका स्रोत व्यक्ति तथा प्रशिक्षकले प्रशिक्षण गरे वापत रु.४००।- र कार्यपत्र वापत रु.१०००।- गरी रु.१४००।- पाउने साथै प्रतिवेदन तयार गरी बुझाए पछि प्रतिवेदन बापत एक दिनको कार्यक्रममा रु.१,०००।- र एक दिनभन्दा बढिको भएमा थप रु.५००।- गरी रु.१,५००।- पाउने उल्लेख छ । पालिकाले देहायका

कार्यक्रममा तोकिएको नर्म्स भन्दा फरक किसिमले खर्च लेखेको छ।अतः तोकेको नर्म्स भन्दा बढी दरमा भुक्तानी दिएको निम्नानुसारको रु.२४७३५।- असुल गर्नुपर्ने रु.

| भौ.नं र मिती | कार्यक्रम नाम | प्रशिक्षकको नाम | सेशन | प्रति सेशन दिनुपर्ने | दिएको | बढी भुक्तानी कर बाहेक |
|---|---|---|---|---|---|---|
| १४।२०८०।८।५ | बालमैत्री स्थानीय तह घोषणा | विष्णु प्रसाद चौवे | ८ | १४०० | ३००० | १०८८० |
| ७०२।२०८१।३।३ | ३/३ दिन HMIS/eLMIS | नविना पौडेल | १२ | १००० | १३०० | ३०६० |
| १४।२०८०।८।५ | बालमैत्री स्थानीय तह घोषणा | कविता भट्ट | प्रतिवेदन तयार नगरी भुक्तानी लिएको | | | १२७५ |
| ७२।२०८१।३२० | ४ दिने वालविवाह अन्त्यका लागी समुदाय परिचालन | शंकर बाबु दुवाडी | ४ दिनको १६ सेशन हुनुपर्नेमा २४ सेशनको भुक्तानी दिएको १४००*२४ | | | ९५२० |
| जम्मा | | | | | | २४७३५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २४,७३५ |

७४ **बिजक नम्बर हातले लेखेको -**

२०४।२०८०।९।१२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९(१) मा सार्वजनिक निकायले कुनै सामान खरिद गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति,फर्म,संस्था वा कम्पनीबाट मात्र खरिद गर्नु पर्ने व्यवस्था छ ।साथै मूल्य अभिबृद्धि कर, २०५२ को दफा १४ बमोजिम मूल्य अभिबृद्धि करमा दर्ता भएका फर्मसंग तोकिएको ढाँचाको कर बिजक लिई खरिद गर्नु पर्ने व्यवस्था छ ।पालिकाले नलाङ स्वास्थ्य चौकी प्रयोगशालाको थप व्यवस्थापनको लागि विभुति मेडिटेक इन्टरनेशनल प्रा.लि. बाट मिति २०८०।५।१५ मा जारी बिल नं ४ बाट रु ९४,६९४।०० को सर्जिकल सामाग्री खरिद गरेको देखिएकोमा उक्त विक्रेताले जारी गरेको कर विजकमा विजक नं .हातले लेखेको पाईएकोले त्यस्तो कर विजकबाट भुक्तानी भएको मू. अ. कर वापतको रु.१०,८९४।०० दाखिला तथा समायोजन गरेको प्रमाण पेस हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,८९४ |

७५ **अनुदान वितरण -**

पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष कृषि पशु लगायतका क्षेत्रमा देहाय बमोजिम अनुदान वितरण गरेको छ ।

| क्र स | अनुदानको क्षेत्र | कार्यक्रम संख्या | अनुदान रकम |
|---|---|---|---|
| १ | कृषि तर्फ | ९ | ५०००००० |
| २ | पशु तर्फ | ३ | १४४४१४३ |
| जम्मा | | १२ | ६४४४१४३ |

उपरोक्त विवरण अनुसार कृषि तर्फ ९ कार्यक्रममा रु ५० लाख तथा पशु तर्फका कार्यक्रममा रु १४ लाख ४४ हजार गरी जम्मा ६४ लाख ४४ हजार अनुदान वितरण गरेको छ ।अनुदान दिइसकेपछि कृषि तर्फ के कति उत्पादन तथा उत्पादकत्वमा बढोत्तरी भयो तथा पशु तर्फ कति चौपायाहरु बृद्धि भई जनताको जिवनस्तरमा के कति सुधार आएको छ सो को अभिलेख राखेको पाइएन।

७६ **विगत वर्ष दिएको अनुदानको उपयोग -**

पालिकाले विगत ३ वर्षमा कार्यक्रमा दिएको अनुदानका केही कार्यक्रम देहाय बमोजिम छन् ।

| क्र.सं. | अनुदान दिएको आर्थिक वर्ष | कार्यक्रम संख्या | कार्यक्रमको नाम | अनुदान रकम | अनुदान उपयोगको अवस्था |
|---|---|---|---|---|---|
| १ | २०७८/७९ | १ | पशु आहार मिसन कार्यक्रम | ३,६१,३०० | |
| २ | २०७८/७९ | ३३२ | पशुपन्छी खोर/गोठ सुधार कार्यक्रम | ४८,६१,०६४ | |
| ३ | २०७९/८० | १ | व्यवसायीक बाख्रापालन कार्यक्रम, सिद्धलेक-६ | १३,५४,८८१ | |
| ४ | २०७९/८० | १ | बाख्राको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम निरन्तरता | ७,००,००० | |
| ५ | २०७९/८० | १ | अध्यक्षसंग काँडेभ्याकुर संरक्षण कार्यक्रम | ३,००,००० | |
| ६ | २०७९/८० | १ | एकल महिला/दलित र सिमान्तकृत समुदायलाई जिविकोपार्जन बाख्रा र बंगुर खरिद तथा वितरण | ९,८२,७७५ | |
| ७ | २०७९/८० | १ | नमुना पशुपन्छी खोर/गोठ निर्माण कार्यक्रम ५० प्रतिशतअनुदानमा ३५ जना | १४,९१,६४० | अनुदान उपयोगको अवस्था एकिन नभएको पालिकाले जनाएको छ । |

उक्त अनुदान रकम उपयोग अवस्थाको सम्बन्धमा पालिकाले अनुदान दिदा दोहोरो नपर्ने र प्रभावकारी अनुगमन गरी लक्षित नतिजा प्राप्त गर्ने तर्फ जोड दिनुपर्दछ ।

७७ **कृषि सामाग्री खरीद सम्वन्धमा -**

असार्वजनिक खरीद नियमावली , २०६४ को नियम (८५)१ सार्वजनिक निकायले १० लाख भन्दा वढी लातग अनुमान भएको निर्माण कार्य , मालसमान सोझौ खरीद गर्न सकिने व्यवस्था अनुसार पालिकाले यस वर्ष निम्नानुसारका कृषि सामाग्रीहरु खरीद गरी तोकिएको प्रतिशतका आधारमा सम्वन्धित सामान उपलव्ध गराएको पाइयो । यस वर्ष सोझै खरीद रु.६३,६०,५६२।- को गरेकोमा पालिकावाट रु.४५,८७,३३४।- भुक्तानि भएको छ भने कृषकहरुको लागत सहमागिता रु.१७,७३,२२८।- रहेको छ ।

| आ.ब. २०७९/०८० E- bidding | | | | | आ.ब. २०८०/०८१ Quotation | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स | सामाग्रीको नाम | स्पेशिफिकेशन | संख्या | मुल्य | क्र.स. | सामाग्रीको नाम | स्पेशिफिकेशन | संख्या | मुल्य | अनुदान प्रतिशत | जम्मा रकम | गाउँपा मार्फत रकम |
| १ | मिनिटिलर | डिजेल ७ HP१७८F | १६८ | ५३००० | १ | मिनिटिलर | डिजेल ७ HP१७८F | १७ | ५१९०० | ५० | ८८२३०० | ४४११ |
| २ | मिल | सानो | १५ | ३३००० | २ | मिल | ठुलो | २५ | ३४८५० | ७५ | ८७१२५० | ६५३४ |
| ३ | थ्रेसर | ६.५ - ७.HP Petrol | १४ | ४९००० | ३ | थ्रेसर | ७.HP Petrol | १७ | ५२९५५ | ७५ | ९००२३५ | ६७५१ |
| ४ | स्प्रेयर | १६ लि. Chinese | २१६ | २९०० | ४ | स्प्रेयर | १८ लि. Indianसुरक्षात्मक सामाग्री सहित | २१२ | ४४४४ | ७५ | ९४२१२८ | ७०६५ |
| ५ | मौरी घार | उतिसको काठ | २४६ | ३२०० | ५ | मौरी घार | टुणीको काठ | २०९ | ४३०० | ७५ | ८९८७०० | ६७४० |
| ६ | कर्न सेलर | २२०० W | ३५ | १३००० | ६ | मिनिटिलर | पेट्रोल लाईट सहित | २० | ४२९०० | ५० | ८५८००० | ४२९० |
| | | | | | ७ | खाडल खन्ने मेसिन | ६२ CC | १७ | २३९९७ | १०० | ४०७९४९ | ४०७९ |
| | | | | | ८ | बादर थपाउने बन्दुक | ८५ डेसिलव कार्बोनेट सहित | २०० | ३००० | १०० | ६००००० | ६००० |
| जम्मा | | | | | | | | | | | ६३६०५६२ | ४५८७ |

सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(२)मा यो ऐन अन्तर्गत बनेको नियम बमोजिम खरीद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरीद गर्नु नहुनेमा पालिकाले ऐन विपरित खरीद गरेको छ । ऐनको पालना हुनुपर्ने देखिन्छ ।

७८ **दोहोरो भुक्तानी** -

अर्थ मन्त्रालयबाट स्वीकृत भई जारी भएको कार्य संचालन निर्देशिका, २०७७ को ७.१.१५ बमोजिम सार्वजनिक निकायले संचालन गर्ने कार्यक्रममा सहभागिहरुलाई दैनिक रु.७००।- का दरले भत्ता प्रदान गर्ने तथा तालिम, गोष्ठि, सेमिनार तथा कार्यशालामा एउटा कक्षाको अवधि १ घण्टा ३० मिनेटको हुनुपर्ने र एक दिनमा बढीमा ४ सेशन गर्न सकिने व्यवस्था छ।अधिकृतस्तरको तालिममा प्रति सेसन तालिमका स्रोत व्यक्ति तथा प्रशिक्षकले प्रशिक्षण गरे वापत रु.४००।- र कार्यपत्र वापत रु.१०००।- गरी रु.१,४००।- पाउने उल्लेख छ तर प्रशिक्षकले प्रशिक्षण भत्ता लिएपछि संयोजक र सहभागी भत्ता नपाउने व्यवस्था छ ।पालिकाले देहायको कार्यक्रमको भुक्तानी दिदा प्रशिक्षकले प्रशिक्षण भत्ता लिएपछि संयोजक र सहभागी भत्ता बुझेको देखिएकोले दोहोरो हुने गरी दिएकोले असुल गर्नुपर्ने रु.

| .मिती | कार्यक्रम | नाम | भत्ताको किसिम | भुक्तानी | दोहोरो भुक्तानी |
|---|---|---|---|---|---|
| ७०१। २०८१।३।३ | बालबालिकाको लागी आँखा शिविर विभिन्न विद्यालयमा १५ दिन | नविना पौडेल | सहजकर्ता | १०५०० | |
| | | | अनुगमन | ५००० | ४२५० |
| जम्मा | | | | | ४२५० |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **२,८९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **५९५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **१,१९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,२५० |

७९ **सामाजिक सुरक्षा -**

आर्थिक वर्ष २०८०।८१ मा पालिकाले वितरण गरेको सामाजिक सुरक्षा रकम र लाभग्राहीको विवरण देहाए बमोजिम रहेको छ ।

| **क्र स** | **पालिकाको जनसंख्या (२०७८ सालको जनगणना अनुसार)** | **लाभग्राही संख्या** | **लाभग्राही प्रतिशत** | **सामाजिक सुरक्षा रकम रु** |
|---|---|---|---|---|
| **१** | **२२२१४** | **३४७९** | **६.३९** | **१३३२४०४६४** |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष ३४७९ जना लाभग्राहीलाई रु १३ करोड ३२ लाख ४० हजार सामाजिक सुरक्षा भत्ता वितरण गरेको देखिन्छ जुन जनगणना २०७८ को पालिकाको जनसंख्याको तुलनामा ६.३९ प्रतिशत रहेको छ ।

८० **सामाजिक सुरक्षा भत्ता वितरण -**

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन, २०७५ सामाजिक सुरक्षा नियमावली २०७६, सामाजिक सुरक्षा भत्ता संचालन कार्यविधि २०७७ को प्रावधान वमोजिम गर्नु पर्ने व्यवस्था छ।यस आर्थिक बर्षमा पालिकाले देहायका लाभग्राहिलाई देहाय अनुसार भत्ता वितरण गरेको छ।

| किस्ता | निकासा | वितरण | लाभग्राही संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | ३२९९०३९० | ३२९४३६८६ | | |
| २ | ३३३४१४२५ | ३३३१५४५६ | | EFT |
| ३ | ३३४६४२७४ | ३३४१६२७४ | | EFT |
| ४ | ३३५७६३८३ | ३३५७३०२८ | | EFT |
| जम्मा | १३३३७२४७२ | १३३२४८४४४ | | |
| २०८०।११।१६ | | | | ११०८४१ |
| २०८१।३।१२ | | | | ३५७८८।६७ |
| २०८१।४।३० | | | | २७३३३।७२ |
| जम्मा फिर्ता | | | | १७३९६३।३९ |

८१ **मृत्य भएका लाभग्राहीलाई भत्ता वितरण -**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा नं. २६ को उपदफा ३ अनुसार एक आर्थिक वर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैङ्कबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैङ्कबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित लाभग्राहीलाई भुक्तानी गरी सो मितिभन्दा पछिको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार निम्नानुसार मृत्य भएका लाभग्राही नाममा समेत भत्ता वितरण भएकोले उक्त रकम असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रू.

| क्र.सं. | परिचय नं. | नाम | लगत कट्टा लागु मिति | निकासा भएको | निकासा हुनुपर्ने | बढी निकासा | बढी निकासा भएको त्रैमासिक |
|---|---|---|---|---|---|---|---|
| १ | 200३०२१००४८२७ | श्रीमाया श्रेष्ठ | २०८०-०६-०२ | १२००० | ८३०० | ३७०० | प्रथम |
| २ | 2000१०१५०४८०९ | नन्द कुमारी सिलवाल | २०७८-११-२७ | १२००० | ० | १२००० | प्रथम |
| ३ | १९९११२३०८००११ | हर्क बहादूर थापा | २०८०-०७-23 | १२००० | ४००० | ८००० | दोश्रो |
| ४ | २००००९०१०२३९१ | हर्क बहादूर ल्याह मगर | २०८०-०९-०७ | १२००० | ९००० | ३००० | दोश्रो |
| ५ | २००६०११३००६८३ | राम बहादूर बिक | २०८०-०६-३० | २४००० | ० | २४००० | दोश्रो, तेश्रो |
| ६ | १९८८०५१२००४९६ | मनकृष्ण श्रेष्ठ | २०८०-०८-०७ | १२००० | ७००० | ५००० | दोश्रो |
| ७ | १९९५११३०००५६६ | रोहिणी प्रसाद अर्याल | २०८०-०६-३० | ३६००० | ० | ३६००० | दोश्रो, तेश्रो, चौथो |
| ८ | २०११०५०८०३२०९ | मुरलीमाया मगर | २०८०-०७-०७ | १२००० | १००० | ११००० | दोश्रो |
| ९ | २००२०४१२०१९७५ | मान बहादूर कामी | २०८०-०७-२९ | १२००० | ८००० | ४००० | दोश्रो |
| १० | २०००१२३२७५७५३ | अणदेवी भट्ट | २०८०-०६-३० | २४००० | ० | २४००० | दोश्रो, तेश्रो |
| ११ | २००५०२२३०१६९८ | अन माया मगर | २०८०-०६-२८ | १२००० | ० | १२००० | दोश्रो |
| १२ | १९९६०११००४२१३ | झंकमाया मगर | २०८०-०७-२२ | २४००० | ४००० | २०००० | दोश्रो, तेश्रो |
| १३ | २०१४०११८०२३६९ | लिला माया थापा मगर | २०८०-०६-३० | ११९७० | ० | ११९७० | दोश्रो |
| १४ | २००३१२३१८०३३५ | विष्णुमान वाडा | २०८०-०९-२९ | १२००० | ० | १२००० | तेश्रो |
| १५ | २००५०८०३०१७६२ | केदारनाथ अधिकारी | २०८०-१०-२४ | १२००० | ४००० | ८००० | तेश्रो |
| १६ | २००००९०१०२३८३ | कर्ण बहादूर भट्ट | २०८०-०९-२९ | १२००० | ० | १२००० | तेश्रो |
| १७ | २०००११०५०२५७२ | पदम बहादूर शाक्य | २०८०-०९-२९ | १२००० | ० | १२००० | तेश्रो |
| १८ | २०११०७१००१३८७ | भीममाया सिलवाल | २०८०-०९-२९ | १२००० | ० | १२००० | तेश्रो |
| १९ | २००९०२२३००२९६ | हरिमाया श्रेष्ठ | २०८०-१०-२३ | १२००० | ४००० | ८००० | तेश्रो |
| २० | १९९६०२२४००४५९ | धनमाया मगर | २०८०-११-१३ | १२००० | ६००० | ६००० | तेश्रो |
| २१ | १९८९०९१०००८२१ | देउकि बिक | २०८०-११-२७ | १२००० | ८००० | ४००० | तेश्रो |
| | | | | | | २४८६७० | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,४८,६७० |

८२ **निस्कृय खाता -**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा नं. २६ को उपदफा ३ अनुसार एक आर्थिक वर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैङ्कबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा

स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैङ्कबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित लाभग्राहीलाई भुक्तानी गरी सो मितिभन्दा पछिको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष ७ वटै वडाको प्रथम त्रैमासिकको भत्ता बैङ्क मार्फत र अन्य तीनवटा त्रैमासिक भत्ता EFT मार्फत वितरण गरेकोमा कार्यविधि अनुसार बैङ्कबाट अनुसूची-११ बमोजिमको ढाँचामा लाभग्राहीको विवरण प्राप्त गरेको छैन । कार्यविधिका आधारमा लाभग्राहीको विवरण पेश हुनुपर्दछ।

८३ **प्रधानमन्त्री रोजगार कार्यक्रम -**

कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन तथा व्यस्थापन कार्यविधि २०७७ को परिच्छद ३ दफा ४ मा आयोजना तर्जुमा गर्न सक्ने क्षेत्र निर्धारण दफा ५ मा स्थानिय तहले सूचिकृत बेरोजगार सूचिको पहिलो प्राथमिकतामा रहेका व्यक्तिलाई एक सय दिनको रोजगारीमा खटाउन सक्ने व्यवस्था रहेको छ । पालिकाले यस बर्ष रोजगारी सृजना विषयमा पर्यटन क्षेत्र अन्तर्गत पद मार्ग निर्माण तथा मर्मत सम्भार का कुल १६ आयोजनामा नेपाल सरकारको खर्च रु.२२,०३,२००।- र आइ डि ए तर्फको खर्च रु.२५,५२,०००।- गरी रु.४८,५५,२००।- खर्च गरेको देखिएको छ । जसबाट बेरोजगार सूचिमा दर्ता भएका ७६९ श्रमिक मध्ये ८० जना श्रमिकले न्यूनतम २० देखि अधिकतम १०० दिन सम्मको रोजगारी पाएको देखिएको छ ।

| क्र.सं. | आयोजनाको नाम | ठेगाना | रोजगारी संख्या | रोजगारी दिन | ज्याला दर | कूल खर्च रकम |
|---|---|---|---|---|---|---|
| १ | मृकुती गल्ली पदमार्ग मर्मत | सिद्धलेक - १ | ५ जना | १०० दिन | ६८० | ३४०,००० |
| २ | बेलडाँडा तल्लो नयाँ बस्ती पदमार्ग मर्मत | सिद्धलेक - १ | ४ जना | १०० दिन | ६८० | २७२,००० |
| ३ | कृष्ण मन्दिर ठाँटी पदमार्ग मर्मत | सिद्धलेक - १ | ४ जना | ७५ दिन | ६८० | २०४,००० |
| ४ | छपडाँडा मोडे लखिडाँडा सिंढी निर्माण | सिद्धलेक - २ | २ जना | १०० दिन | ६८० | १३६,००० |
| ५ | तिनखण्डे रातमाटे डुमिडाँडा पदमार्ग मर्मत | सिद्धलेक - ३ | ६ जना | १०० दिन | ६८० | ४०८,००० |
| ६ | झार्लाङ्दी कोलडाँडा पदमार्ग मर्मत | सिद्धलेक - ३ | ५ जना | १०० दिन | ६८० | ३४०,००० |
| ७ | ढवाडी तुम्सिङगाउँ पदमार्ग मर्मत | सिद्धलेक - ३ | ६ जना | १०० दिन | ६८० | ४०८,००० |
| ८ | गौथले पुलामीडाँडा डाडागाउँ पदमार्ग मर्मत | सिद्धलेक - ४ | १० जना | ५० दिन | ६८० | ३४०,००० |
| ९ | तल्लो खर्क जलदेवी आ.वि. माथील्लो खर्क पदमार्ग मर्मत | सिद्धलेक - ४ | १० जना | ५० दिन | ६८० | ३४०,००० |
| १० | खर्क केउरेनी पदमार्ग मर्मत | सिद्धलेक - ५ | ४ जना | १०० दिन | ६८० | २७२,००० |
| ११ | स्याखुटार आपटार पदमार्ग मर्मत | सिद्धलेक - ५ | ४ जना | १०० दिन | ६८० | २७२,००० |
| १२ | ओडारे क्याउरानी पदमार्ग मर्मत | सिद्धलेक - ५ | ४ जना | १०० दिन | ६८० | २७२,००० |
| १३ | रातमाटे डाँडा पदमार्ग मर्मत | सिद्धलेक - ६ | ६ जना | २० दिन | ६८० | ८१,६०० |
| १४ | कुम्पुर भन्ज्याङ टावर पदमार्ग मर्मत | सिद्धलेक -६ | ६ जना | १०० दिन | ६८० | ४०८,००० |
| १५ | आदमटार अमिलिछाप पदमार्ग मर्मत | सिद्धलेक - ७ | १४ जना | ५०दिन | ६८० | ४७६,००० |
| १६ | पिपलटार भाल्डाँडा भैसे पदमार्ग | सिद्धलेक - ७ | १४ जना | ५० दिन | ६८० | २८५,६०० |

यसरी प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस पालिकामा यस आ वमा रु.४८,५५,२००।- खर्च भएको देखिन्छ। निर्देशिका बमोजिम योजना बैंक अनुसार प्राथमिकता क्रममा रहेका बेरोजगार व्यक्तिलाइ रोजगारी दिनुपर्दछ ।

८४ **विद्यालय र विधार्थी संख्या -**

पालिकाले तयार पारेको शैक्षिक सत्र २०८१ को विवरण अनुसारदेखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।

| क्र.सं. | विद्यालयको किसिम | विद्यालय संख्या | विधार्थी संख्या |
|---|---|---|---|
| १ | सामुदायिक विद्यालय | ४७ | ५२९१ |
| २ | संस्थागत विद्यालय | ३ | २९१ |
| | **जम्मा** | ५० | **५५८२** |

उपरोक्त विवरण अनुसार पालिकाको जम्मा विधार्थी संख्या ५५८२ रहेकोमा ९४.७८ प्रतिशत सामुदायिक र ५.२२ प्रतिशत विधार्थी संस्थागत विद्यालयमा अध्यनरत रहेको देखिन्छ ।

८५ **सामुदायिक विद्यालयको दरबन्दी र पदपुर्ती -**

आर्थिक वर्ष २०८०।८१ मा पालिका भित्रका ४७ वटा सामुदायिक विद्यालयको शिक्षक दरबन्दी र पदपूर्तीको अवस्था देहाए बमोजिम रहेको छ ।

| विद्यालयको किसिम | दरबन्दी संख्या | स्थायी पदपूर्ती | पदपूर्ती मध्ये राहत/करार | रिक्त दरबन्दी |
|---|---|---|---|---|
| सामुदायिक | २४१ | ११७ | १२४ | ० |

उक्त विवरण अनुसार पालिकामा जम्मा २४१ दरबन्दी रहेकोमा ११७ जना स्थायी पदपूर्ती र १२४ जना राहत/करारमा नियुक्त गरी पठन पाठन हुँदै आएको छ ।

८६ **शिक्षक विद्यार्थी अनुपात -**

विद्यालय क्षेत्र सुधार योजना अनुसार शिक्षक विद्यार्थी अनुपात हिमाली भेगमा १:४०, पहाडी भेगमा १:४५ र तराई भेगमा १:५० रहने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०।८१ शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम छ ।

| सिनं | विद्यालयको नाम | शिक्षक संख्या | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १ | श्री बलदेवी आ.वि. | ३ | ५२ | १:१७ |
| २ | श्री बलदेवी आ.वि. | ० | २२ | ० |
| ३ | श्री नागेश्वरी आ.वि. | ३ | ७९ | १:२६ |
| ४ | श्री जलेश्वरी आ.वि. | १ | ५७ | १:५७ |
| ५ | श्री अमृत आ.वि. | ० | २४ | ० |
| ६ | श्री नलाङ मा.वि. | १३ | २०६ | १:१५ |
| ७ | श्री मिन्दुका मा.वि. | १६ | ४०३ | १:२५ |
| ८ | श्री शान्ती आ.वि. | २ | ४१ | १:२० |
| ९ | श्री नयाँदेवी आ.व. | ३ | १९ | १:०६ |
| १० | श्री नलाङ आ.वि. | ७ | १३५ | १:१९ |
| ११ | श्री नलाङपाल्ले मा.वि. | १५ | ३८४ | १:२५ |
| १२ | कालिकादेवी आ.वि. | १ | २५ | १:२५ |
| १३ | श्री जनजागृती आ.वि. | १ | २३ | १:२३ |
| १४ | श्री सिद्धेश्वर मा.वि. | १६ | २८२ | १:१७ |
| १५ | श्री सरस्वती आ.वि. | ० | १२ | ० |
| १६ | श्री जनजागरण आ.वि. | ० | ९ | ० |
| १७ | श्री चतुरादेनी आ.वि. | ० | १२ | ० |
| १८ | श्री अमर आदर्श मा.वि. | १५ | २४० | १:१६ |
| १९ | पञ्चमुखी मा.वि. | ९ | १६२ | १:१८ |
| २० | श्री महाकाली आ.वि. | ० | ३१ | ० |
| २१ | श्री रेवती आ.वि. | ० | ३० | ० |
| २२ | श्री सूर्योदय मा.वि. | १ | ३९ | १:३९ |
| २३ | श्री अकलादेवी मा.वि. | ७ | १०३ | १:१४ |
| २४ | श्री बराह आ.वि. | १ | २१ | १:२१ |
| २५ | श्री खड्गदेबी आ.वि. | ० | ७ | ० |
| २६ | श्री चक्रमहाकाली | १ | २५ | १:२५ |
| २७ | श्री जलदेवी आ.वि. | ३ | ५२ | १:१७ |
| २८ | श्री जलेश्वरी मा.वि. | १३ | २७८ | १:२१ |
| २९ | श्री मालीका आ.वि. | ३ | ६७ | १:२२ |
| ३० | श्री कालीदेवी मा.वि. | १२ | २२१ | १:१८ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३१ | अन्नपूर्ण आ.वि. | ३ | १० | १:०३ |
| ३२ | श्री बागभैरुङ आ.वि. | ० | ८ | ० |
| ३३ | श्री मनकामना आ.वि. | ४ | ९८ | १:२४ |
| ३४ | श्री बागबच्छाला मा.वि. | १४ | २९३ | १:२० |
| ३५ | श्री कुम्पुर आ.वि. | ४ | १३० | १:३२ |
| ३६ | श्री कालीका आ.वि. | १ | 18 | १:१८ |
| ३७ | श्री सुन्दरी मा.वि. | १३ | १८५ | १:१४ |
| ३८ | श्री शमीटार आ.वि. | २ | ४३ | १:२१ |
| ३९ | श्री गोल्मारानी आ.वि. | ३ | ८० | १:२६ |
| ४० | श्री कालीका आ.वि. | १ | २३ | १:२३ |
| ४१ | श्री कुन्नेश्वरी आ.वि. | ३ | ४७ | १:१५ |
| ४२ | श्री भूमेश्वर आ.वि. | ० | ७ | ० |
| ४३ | श्री कालीका आ.वि. | १ | ७ | १:०७ |
| ४४ | श्री पञ्चकन्या आ.वि. | १ | २२ | १:२२ |
| ४५ | श्री महाकाली मा.वि. | १३ | ३६७ | १:२८ |
| ४६ | श्री सत्यवती मा.वि. | २४ | ७७५ | १:३२ |
| ४७ | श्री जाल्पादेवी आ.वि. | ८ | ११७ | १:१४ |
| | जम्मा | २४१ | ५२९१ | १:२४ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार समग्र पालिकाका ४७ वटा विद्यालयमा २४१ जना शिक्षक र ५,२९१ जना विद्यार्थी रहेकोमा औषत शिक्षक विद्यार्थी अनुपात १:२४ रहेको छ ।श्री जलेश्वरी आधारभूत विद्यालयको शिक्षक विद्यार्थी अनुपात १:५७ रहेको छ, नयाँदेवी आधारभूत विद्यालयको शिक्षक विद्यार्थी अनुपात १:६ रहेको छ भने १० वटा विद्यालयमा ईसिडी सञ्चालन गरेकोले शिक्षक विद्यार्थी अनुपात देखिएको छैन ।कार्यक्रम कार्यान्वियन पुस्तिका बमोजिम शिक्षक विद्यार्थी अनुपात मिलाउनु पर्दछ ।

८७ **सेनेटरी प्याड** -

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ अनुसार पालिकाले यस बर्ष शसर्त अनुदान अन्तर्गत सामुदायिक विद्यालयका कक्षा ६ देखि १० सम्मका छात्राहरु तथा आवश्यकतानुसार अन्य कक्षाका छात्राहरुको माग संख्या १६०७० प्याकेट सेनेटरी प्याड व्यबस्थापनका लागि कोटेशन विधि अन्तर्गत सुप्रिम लाइफ साइन्स बाट १६०७० थान प्रतिथान रु.५६ (भ्याट सहित) का दरले रु.८,९९,७८३।-भुक्तानी दिएको छ ।विद्यालयमा अध्यनरत छात्राहरुलाई निःशूल्क सेनेटरी प्याड वितरण गर्ने उद्वेश्यले खरिद गरिएको प्याड पालिकाको स्टोरमा नै रहेकोले विद्यालयमा पठाएको प्रमाण पेश गर्नुपर्दछ ।

८८ **पाठ्य पुस्तक** -

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.४.६.१ को क्रियाकलाप ३.१ बमोजिम IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यायलयमा कक्षा १ देखि १२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई तेस्रो त्रैमासिकभित्र विद्यालयहरुलाई पाठ्यपुस्तक वापतको रकम निकासा दिनुपर्दछ । यसरी रकम निकासा दिंदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई दिने र बाँकी २५ प्रतिशत रकम शैक्षिक सत्र २०८१ को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम

मात्र थप २५ प्रतिशत निकासा दिन सकिने व्यवस्था छ । पालिकाले IEMIS मा प्रविष्ट तथ्याङ्कको आधारमा ७५ प्रतिशत रकम निकासा दिएकोमा दोस्रो पटक विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा नपुग भएमा मात्र बाँकी रकम भुक्तानी दिनुपर्नेमा पालिकाको शैक्षिक सत्र २०८१मा भर्ना भएका विद्यार्थीको विवरण IEMIS मा अद्यावधिक नगरी विद्यालयले पाठ्यपुस्तक खरिद गरेको बिलको आधारमा मात्र पाठ्यपुस्तक वापतको रकम निकासा गरिएकोले यर्थाथ रुपमा विद्यार्थी संख्या एकिन गर्न नसकिएकोले IEMIS अद्यावधिक विवरण सहित पाठ्यपुस्तक वितरण गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३१,३०,१२३ |

८९ **छात्रवृत्ति -**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. ७.२.१.१ को क्रियाकलाप ४.२ बमोजिम विद्यालयहरुलाई IEMIS को तथ्याङ्कको आधारमा विद्यार्थी संख्या एकिन गरी स्थानीय तहले आवासीय तथा गैर आवासीय छात्रवृत्ति निकासा गर्ने र निकासा प्राप्त गरेपछि विद्यालयहरुले छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी संख्या, छात्रवृत्ति बुझेको भर्पाई र छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको नामनामेसी सहितको विवरण पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौ.नं. २५२।२०८१।३।१८ बाट ४७ विद्यालयहरुका छात्रा तथा दलित छात्र छात्राहरुलाई प्रति विद्यार्थी रु.४००।- का दरले रु.८,४०,०००।- भुक्तानी भएकोमा शैक्षिक सत्र २०८१ मा छात्रवृत्ति वितरण गरेको देखिएकोमा शैक्षिक सत्र २०८१ को विद्यार्थी विवरण IEMIS मा अद्यावधिक नगरिएकोले के कति विद्यार्थीलाई वितरण गरिएको हो एकिन गर्न सकिएन ।

९० **पढ्दै कमाउदै कार्यक्रम -**

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत पढ्दै कमाउदै कार्यक्रम सञ्चालन कार्यविधि २०७८ तथा शिक्षा मन्त्रालयबाट जारी कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को बुँदा नं ९.२ अनुसार पढ्दै कमाउदै कार्यक्रमको लागि रु. ५ लाख बजेट विनियोजन गरिएकोमा ५० प्रतिशत रकम कार्यक्रम सञ्चालनको लागि र ५० प्रतिशत रकम कार्यप्रगतिको आधारमा भुक्तानी दिन साथै विद्यालयले सम्पादित कार्यको प्रगति पालिकाको शिक्षा शाखामा बुझाउनुपर्ने व्यवस्था रहेकोमा पालिकाले यस बर्ष श्री सत्यवती माध्यामिक विद्यालय लाई पढ्दै कमाउदै कार्यक्रम अन्तर्गत च्याउ तथा तरकारी खेती कार्यक्रमको प्रस्ताव पेश गरेको आधारमा भौ.नं. २७९।२०८१।३।२१ बाट विनियोजित रकमको सम्पूर्ण रकम रु. ५ लाख भुक्तानी दिएकोमा ५० प्रतिशत रकम कार्यक्रम सञ्चालनको लागि र ५० प्रतिशत रकम कार्यप्रगतिको आधारमा भुक्तानी दिनुपर्नेमा एकमुष्ट रकम दिएको देखिएकाले सो को प्रगति प्रतिवेदन पेश गर्नुपर्दछ ।

९१ **प्रतिवेदन पेश नभएको -**

शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानो ठिमी भक्तपुर वाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को कम्पोनेन्ट न २.७.१३.१३ शैक्षिक व्यवस्थापकीय सुधार ,सुशासनमा उत्कृष्ट कार्य गरेका विद्यालयलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन दिने प्रयोजनका लागि विद्यालय छनौट गर्दा कम्तीमा आधारभूत तर्फ १०० विद्यार्थी र माध्यमिक तर्फ २०० विद्यार्थी भएको विद्यालयमा सामाजिक परीक्षण मापदण्ड २०७८, प्रक्रिया पुरा गरेको र विद्यालयले सम्पादित कार्यको आवधिक प्रगति प्रतिवेदन स्थानिय तह र शिक्षा तथा मानव श्रोत विकास केन्द्रका विद्यालय शिक्षा शाखामा मापदण्ड पठाएको हुनुपर्ने आधारमा सत्यवति मा. वि. लाई भौ.न. २७९ मिति २०८१।३।२१ रु.५,००,०००।- भौ.न. २८० मिति २०८१।३।२१ मा रु.३०,००,०००।- गरी रु.३५,००,०००।- निकासा अनुदान दिएकोमा सोही निर्देशिका अनुसार पालिकाले अनुदान रकमको उपयोगको अवस्थाका सम्बन्धमा नियमित अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ ।

९२ **प्रति विद्यार्थी लागत -**

पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०/८१ को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

| बजेट विवरण | बजेट रकम | खर्च रकम | विद्यार्थी संख्या | प्रति विद्यार्थी लागत |
|---|---|---|---|---|
| शिक्षा क्षेत्रको कुल बजेट | २०३६००००० | १८५९९९९८१ | ५२९१ | ३५१५४ |

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रु. ३५१५४।– रहेको छ।

९३ **शैक्षिक सुदृढीकरण अनुदान -**

पालिकाले शैक्षिक सुदृढीकरण अनुदान मार्फत् १६ विद्यालयका निजी स्रोतका शिक्षकको तलब भत्ता वापत रु.५०,२८,०००।०० भुक्तानी गरेको छ । पालिकाले शिक्षकको आवश्यकता, शिक्षक विद्यार्थी अनुपात एवं विद्यालय समायोजन तथा दरबन्दी मिलानको कारबाही नगरी पालिकाबाट नियुक्त गरी निजी स्रोतका शिक्षकहरुको तलब भत्ता भुक्तानी लेखेकोमा शिक्षकको आवश्यकता ,विद्यार्थी संख्या, शिक्षकको मिलानको आधारमा खर्च लेख्नुपर्नेमा सो गरेको पाईएन ।

९४ **शिक्षक तलब -**

शिक्षा नियमावली २०५९ को नियम २२( झ) मा सामुदायिक विद्यालयका शिक्षकहरुको तलव भत्ता भुक्तानी हुँदा विद्यालय शिक्षक किताबखानाले पारित तलवी प्रतिवेदन, माग फारमका आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ।पालिका अन्तर्गत ४७ विद्यालयका शिक्षकहरुको तलव सम्वन्धित विद्यालयको माग फारमका आधारमा निकासा दिनुपर्ने व्यवस्था रहेको छ । जस अनुसार यस वर्ष सामुदायिक विद्यालयका शिक्षकहरुलाई रु.१३,६०,६१,८४५।- निकासा दिएकोमा शिक्षक किताबखानाबाट पास भएको तलवी प्रतिवेदन तथा माग फारम लेखापरीक्षण अवधिमा पेश हुन सकेन । जसका कारण शिक्षकको ग्रेड लगायतका विवरण भिडान गर्न सकिएन।

९५ **संस्थागत विद्यालयको छात्रवृत्ति -**

९५.१ सिद्धलेक गाउँपालिका शिक्षा ऐन २०७५ को दफा ३० को १बमोजिम संस्थागत विद्यालयले कुल विद्यार्थीको १० प्रतिशत छात्रवृत्ति विपन्न एवं सिमान्तकृत विद्यार्थीलाई उपलब्ध गराउनु पर्ने व्यवस्था छ । साथै सोहि ऐनको दफा ३० को २ मा प्रत्येक विद्यालयले आफूले उपलब्ध छात्रवृत्तिको विवरण गाउँ शिक्षा सिमितिमा पठाउनु पर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।

पालिकाले तयार पारेको शैक्षिक २०८० को विवरण अनुसार संस्थागत विद्यालयमा अध्यनरत विधार्थी संख्या निम्नानुसार छन् ।

| क्र.सं. | विद्यालय | विद्यालय संख्या | विधार्थी संख्या | छात्रवृत्ति प्राप्त गर्नुपर्ने विद्यार्थी संख्या |
|---|---|---|---|---|
| १ | संस्थागत | ३ | २९१ | ३० |

अत: संस्थागत विद्यालयले तोकिए बमोजिम छात्रवृत्ति प्रदान गरे नगरेको सुनिश्चित हुने तर्फ थप ध्यान दिनुपर्ने देखिन्छ ।

९५.२ **संस्थागत विद्यालयको शुल्क निर्धारण र त्यसको अनुगमन-** सिद्धलेकगाउँपालिकाको शिक्षा ऐन,२०७५ को दफा २८(७) मा तोकिए बमोजिम संस्थागत विद्यालयले शुल्क निर्धारण गर्ने तथा सो बमोजिम शुल्क निर्धारण गरे नगरेको पालिकाले अनुगमन गर्ने व्यवस्था छ । संस्थागत विद्यालयले शुल्क निर्धारण गरे नगरेको सम्बन्धमा पालिकाबाट अनुगमन हुने गरेको पाइएन।

९६ **शैक्षिक गुणस्तर -**

पालिका अन्तर्गत रहेका ४७ सामुदायिक विद्यालयहरुको २०८० सालको एस.ई.ई. परीक्षामा जम्मा ४२२ विधार्थीको सहभागी भएकोमा नतिजाका आधारमा सामुदायिक विद्यालयको अवस्था देहाय बमोजिम रहेको छ ।

| क्र.स. | जिपिए | जम्मा विधार्थी संख्या | उत्तिर्ण विधार्थी संख्या | उत्तिर्ण प्रतिशत सामुदायिक |
|---|---|---|---|---|
| १ | ३.६१ - ४.०० | ४२२ | १८ | ४.२६ |
| २ | ३.२१ - ३.६० | | ५४ | १२.७९ |
| ३ | ३.२१ भन्दा कम | | १२२ | २८.९० |
| | जम्मा उत्तिर्ण | | १९४ | ४५.९७ |

उल्लेखित तालिका अनुसार ३.६१-४.०० जि.पि.ए. ल्याउने १८ जना, ३.२१-३.६० जि.पि.ए.ल्याउने ५४ जना र ३.२१ भन्दा कम जि.पि.ए. ल्याउने १२२ गरी ४२२ जना मध्ये १९४ जना अर्थात ४५.९७ प्रतिशत सामुदायिक विद्यालयबाट उत्तिर्ण भएकोमा ३.६१-४.०० जि.पि.ए. ल्याउने विद्यार्थी ४.२६ प्रतिशत मात्र देखिन्छ । जसअनुसार उच्च जि.पि.ए. ल्याउने विद्यार्थी सामुदायिक विद्यालयमा न्यून देखिएकाले सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रु.३५,१५४।– रहेकोमा उत्तिर्ण प्रतिशत न्यून रहेकोले शैक्षिक गुणस्तरमा थप सुधार गर्नुपर्ने देखिन्छ।

९७ **इन्धन खर्च** –

पालिकाबाट प्राप्त विवरण अनुसार पालिकामा चार पाङ्ग्रे सवारी साधन २ वटा तथा दुई पाङ्ग्रे सवारी साधन २३ वटा गरी जम्मा २५ वटा सवारी साधन रहेका छ ।यस वर्ष पालिकाले इन्धन पदाधिकारी तथा अन्य वापत रु २४ लाख ५७ हजार खर्च गरेको र किलोमिटर खुल्ने गरी सवारी लगबुक समेत ब्यवस्थित गरेको नदेखिएकोले कुन प्रयोजनमा कति प्रयोग भएको स्पष्ट हुन सकिएन । साथै पालिकासँग ३ वर्षमा भएका सवारी साधन र इन्धन खर्च निम्नानुसार देखाइएको छ ।कार्यालयले इन्धनको प्रयोग गर्दा सवारी साधनको लगबुक राखि इन्धन खर्चमा नियन्त्रण गरिनुपर्दछ ।

| आव २०७८।७९ | | | आव २०७९।८० | | | आव २०८०।८१ | | |
|---|---|---|---|---|---|---|---|---|
| **सवारी साधन संख्या** | | **इन्धनमा खर्च रकम** | **सवारी साधन संख्या** | | **इन्धनमा खर्च रकम** | **सवारी साधन संख्या** | | **इन्धनमा खर्च रकम** |
| **दुइ पाङ्ग्रे** | १२ | १३९५०११ | **दुइ पाङ्ग्रे** | १४ | १९८०६३९ | **दुइ पाङ्ग्रे** | २३ | २४५७३२६ |
| **चार पाङ्ग्रे** | २ | | **चार पाङ्ग्रे** | २ | | **चार पाङ्ग्रे** | २ | |

९८ **गाडी भाडा** -

२। २०८१।२।३ मिति २०८०।१२।२ देखि ९ गते सम्म सञ्चालित पालिका स्तरीय कक्षा ८ को परीक्षाका लागि पालिका अन्तर्गतका ११ वटा विद्यालयबाट ४४४ जना परीक्षाको लागि सहभागि रहेको देखिन्छ । पालिकाले मिति २०८०।१२।२ देखि ९ सम्म हुने उक्त परीक्षामा सहभागि हुने सत्यवती मा.वि. अदामटारका ५१ जना विद्यार्थीहरुलाई परीक्षा केन्द्र रहेको महाकाली मा.वि. पिपलटारसम्म लैजाने र ल्याउने कार्यका लागि पालिकाले ना. ४ ख १०५ नं को गाडि धनीसँग ८ दिनको रु.८०,०००।- मा सम्झौता गरी कर वाहेक रु.७२,०००।- गाडी धनीलाई भुक्तानी गरेकोमा पालिका स्तरीय परीक्षामा लैजाने र ल्याउने गरी रु.८०,०००।- खर्च गरेकोमा यस्तो खर्चमा नियन्त्रण गरिनुपर्दछ ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : सिद्धलेक गाउँपालिका, धादिंग , सिद्धलेक गाउँपालिका , धादिङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Binod Kumar Adhikari | २०८१-१-३ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Bhumiraj Shrestha | २०७९-६-३१ | २०८०-६-३० |
| लेखा प्रमुख | Rishi Adhikari | २०८१-१-१७ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३०,५७८,५५२ | ७,५३०,३४३ | १२,७४१,३११ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ५०,८५०,२०६ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | २९,४६३,९०१ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | २१,३८६,३०५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ७११७२२७०.४७ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३५२४४३९२४ | **चालु खर्च** | ३३८२०८८८१.६३ |
| **प्रदेश सरकारबाट अनुदान** | ५०३०८००० | **पूँजीगत खर्च** | १८०१३२२०९ |
| **राजश्व बाँडफाँट** | ८७४२७९५४.७६ | **वित्तीय/अन्य व्यवस्था** | २००१६५९१०.८८ |
| **आन्तरिक आय** | ८०३०४५५.२५ | | |
| **अन्य आय** | १९८०५७०७४.२२ | | |
| **कुल आय** | ६९६२६७४०८.२३ | **कुल खर्च** | ७१८५०७००१.५१ |
| **बाँकी मौज्दात** | | ४८९३२६७७.१९ | |

## अनुसूची - २

## बेरूजु दफा ३.२ सँग सम्बन्धित विवरण - अनुसूची - ३

सिद्धलेक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, धादिंग
कार्यालयको कोड : ८३३०५११३००
वित्तीय प्रतिवेदन
प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)

| क्र.स./आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ९,९५,१६,०८५.६७ | ०.०० | ९,९५,१६,०८५.६७ | ९,०८,१६,२०७.०९ | ०.०० | ९,०८,१६,२०७.०९ |
| १३००० | अनुदान | | ३७,७५,१०,३८८.७३ | ०.०० | ३७,७५,१०,३८८.७३ | ३९,५१,५७,४०८.४१ | ०.०० | ३९,५१,५७,४०८.४१ |
| १४००० | अन्य राजस्व | | १,३५,३६,८०१.२९ | ०.०० | १,३५,३६,८०१.२९ | १,१०,२१,४३९.५४ | ०.०० | १,१०,२१,४३९.५४ |
| १५००० | विविध प्राप्ति | | ३७२.०० | ०.०० | ३७२.०० | ०.०० | ०.०० | ०.०० |
| क | कुल जम्मा प्राप्ति | | ४९,०५,६३,६४७.६९ | | ४९,०५,६३,६४७.६९ | ४९,६९,९५,०५५.०४ | | ४९,६९,९५,०५५.०४ |
| ३ | चालु | | ३३,८२,०८,८८१.६३ | ०.०० | ३३,८२,०८,८८१.६३ | ३५,३५,६२,५७५.४१ | ०.०० | ३५,३५,६२,५७५.४१ |
| २१००० | पारिश्रमिक / सुविधा | | १७,२९,२०,५३१.२१ | ०.०० | १७,२९,२०,५३१.२१ | ४,६६,४७,०८३.६० | ०.०० | ४,६६,४७,०८३.६० |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | १४,४५,७८,०७३.४२ | ०.०० | १४,४५,७८,०७३.४२ | ११,४९,८८,५२९.२६ | ०.०० | ११,४९,८८,५२९.२६ |
| २५००० | सहायता (Subsidy) | | १,१७,४२,५९८.०० | ०.०० | १,१७,४२,५९८.०० | १४,२६,८५,०१७.०० | ०.०० | १४,२६,८५,०१७.०० |
| २६००० | अनुदान | | ०.०० | ०.०० | ०.०० | १,००,०००.०० | ०.०० | १,००,०००.०० |
| २७००० | सामाजिक सुरक्षा | | ७७,०६,४४५.०० | ०.०० | ७७,०६,४४५.०० | १,१५,६९,६३२.०० | ०.०० | १,१५,६९,६३२.०० |
| २८००० | अन्य खर्च | | १२,६१,२३४.०० | ०.०० | १२,६१,२३४.०० | ३,७५,७२,३१३.५५ | ०.०० | ३,७५,७२,३१३.५५ |
| ४ | पूंजीगत | | १८,०१,३२,२०९.०० | ०.०० | १८,०१,३२,२०९.०० | २१,१५,६२,२६९.५२ | ०.०० | २१,१५,६२,२६९.५२ |
| ३१११० | भवन तथा संरचना | | ८४,२२,७६८.०० | ०.०० | ८४,२२,७६८.०० | ८७,२२,४९८.४८ | ०.०० | ८७,२२,४९८.४८ |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | १,२१,९८,८०५.०० | ०.०० | १,२१,९८,८०५.०० | २,०२,१०,४४५.७५ | ०.०० | २,०२,१०,४४५.७५ |
| ३११५० | सार्वजनिक निर्माण | | १५,९४,४८,८४१.०० | ०.०० | १५,९४,४८,८४१.०० | १८,२६,२९,३२५.२९ | ०.०० | १८,२६,२९,३२५.२९ |
| ३११७० | पूँजीगत सुधार खर्च | | ६१,७९५.०० | ०.०० | ६१,७९५.०० | ०.०० | ०.०० | ०.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ख) | कुल जम्मा भुक्तानी | | ५१,८३,४१,०९०.६३ | | ५१,८३,४१,०९०.६३ | ५६,५१,२४,८४४.९३ | | ५६,५१,२४,८४४.९३ |
| ग) | बचत /कमी (ग = क-ख ) | | (२,७७,७७,४४२.९४) | | (२,७७,७७,४४२.९४) | (६,८१,२९,७८९.८९) | | (६,८१,२९,७८९.८९) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | | (५,०५,९९४.९४) | | (५,०५,९९४.९४) | (६२,८४,०९७.७३) | | (६२,८४,०९७.७३) |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | (१,१७,०३२.००) | | (१,१७,०३२.००) | | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | (२,८२,८३,४३७.८८) | | (२,८२,८३,४३७.८८) | (७,४४,१३,८८७.६२) | | (७,४४,१३,८८७.६२) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ६,७८,३२,२२३.९७ | | ६,७८,३२,२२३.९७ | १४,२३,८६,१९१.५९ | | १४,२३,८६,१९१.५९ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | ३,९५,४८,७८६.०९ | | ३,९५,४८,७८६.०९ | ६,७९,७२,३०३.९७ | | ६,७९,७२,३०३.९७ |
| | | | | | | | | |
| लेखाप्रमूख | | | | कार्यकारी अधिकृत | | | महालेखापरीक्षकको कार्यालय | |
| पालिकाबाट प्रमाणिकरण मिति : | | | | | | | | |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा दरबन्दी पुनरावलोकन गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- पालिकाले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।

- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल हुनुपर्दछ ।
- पालिकामा निर्माणधीन आधारभूत अस्पताल समयमै निर्माण सम्पन्न गर्नुपर्दछ। पालिकामा सञ्चालित आधाभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।